का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ माघ २०८०,
आइतबार
28 January 2024,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ई-पेपर हेर्न
वर्ष २१, अंक ३५४ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# पूर्वराजा ज्ञानेन्द्रलाई श्रीपेचको चिन्ता

राजा वीरेन्द्रको वंश विनाशमा आफ्नो संलग्नता नरहेको भनि सार्वजनिक अभिव्यक्ति दिएका ज्ञानेन्द्र शाहले यसबीचमा आफू मौन नरहेको प्रष्ट सन्देश दिए । साथै श्रीपेच राष्ट्रलाई सुम्पिएपछि पनि मुलुक बरबादीतर्फ गएको भनि राजनीतिक भाषा बोले ।



"...मैले चिरकाल पर्यन्त सुरक्षित रहोस् भनेर आफ्नो श्रीपेच राष्ट्रलाई सुम्पिएको थिएँ ।"

**ज्ञानेन्द्र शाह**
पूर्वराजा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ माघ ।

पूर्वराजा ज्ञानेन्द्र शाहले आफू मौन नरहेको सन्देश दिएका छन् । शनिबार वीरगञ्जमा आयोजित नागरिक अभिनन्दन कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वराजा शाहले देश बचाउने आह्वान आफूलाई भइरहेको भनी राजनीतिक भाषा बोलेका छन् ।

'देश बनाउनु देश बचाउनु निरन्तर आवाज छ, हामीमाथि आह्वान छ । म भन्छु - हामी हाम्रा पुर्खाको पौरख नभुलौं, हामी, यही बसौं , यही आफ्नो जन्मभूमीका लागि मरिमेटौं' उनले भनेका छन्, 'हाम्रो विकास हाम्रो उत्थान र हाम्रो समस्याको निवारण हामी आफैंबाट हुने हो । अरुले आएर गरिदिने हैन ।'

शाहले २९ जेठ २०६५ मा नारायणहिटी दरबार छाडेका थिए । त्यसबेला आफूले राष्ट्रप्रेम र राष्ट्रहितको सदासयता कायम नरहँदा देशमा विषम परिस्थिति बन्छ र त्यसको वेथितीबाट आम जनतामा आक्रोश पैदा हुन्छ भन्ने आंकलन गरेर दरबार छाडेका बताए । राजपाठ त्याग गर्दैगर्दा आफूले व्यक्त गरेको राष्ट्रप्रेम, राष्ट्रियता, प्रजातान्त्रिक प्रतिवद्धता सम्भिरहेको भन्दै उनले भने, श्रीपेच सम्भिए । '...मैले चिरकाल पर्यन्त सुरक्षित रहोस् भनेर आफ्नो श्रीपेच राष्ट्रलाई सुम्पिएको थिँए' उनले भने ।

ज्ञानेन्द्र शाह नेपालका अन्तिम शाहवंशीय राजा हुन् । उनी परिस्थितिले




दुई पटक नेपालका राजा भएका थिए । २००७ मा उनका हजुरबुवा त्रिभुवन र बुवा महेन्द्रले देश छाडेर भारतमा शरण लिन गएपछि राणा शासकहरूले उनलाई राजा बनाएका थिए । पछि १९ जेठ २०५८ मा राजा वीरेन्द्रको वंश विनाशपछि उनी पुनः नेपालका राजा भएका थिए ।

दरवार हत्याकाण्डमा राजा ज्ञानेन्द्रको परिवारका कसैलाई पनि केही नभएको, लगायतका कारणहरूले गर्दा उनैको हात रहेको आशंका कतिपयले गर्ने गरेका छन् । शनिवार बउनले यस्तो आशंका गर्नेहरुलाई पनि जवाफ दिएका छन् ।

'जेठ १९, २०५८ मा घटेको विनासकारी घटना जुन हामी र हाम्रो परिवारलाई कहालीलाग्दो र सम्भन मन नपराउने अवस्थालाई राजनीतिक जालभ्फेल गरी धेरै नेपालीको मनमा भ्रमको बादल बनाई नकारात्मक भावना फैलाएका थियो' शाहले भनेका छन्, ' हामी र हाम्रो परिवारलाई घातक प्रहारहरु पनि गरेका थिए । सत्य सधैं सत्य हुन्छ । असत्यको विजयी कहिले हुँदैन ।'

अर्थात, २०५८ जेठ १९ गतेको राजदरबारमा पृष्ठ २ मा

# शक्ति राष्ट्रको चासोमा रास्वपा

चिनियाँ टोलीसँग भेट गरेलगतै रास्वपा सभापति लामिछाने, उपसभापति अर्यालसहितका नेताहरु भारत भ्रमणमा गएका छन् ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, १३ माघ ।

बंगलादेश हुँदै शुक्रबार नेपाल भ्रमणमा आइपुगेका चिनियाँ कम्युनिस्ट पार्टीका अन्तर्राष्ट्रिय विभागका उपमन्त्री सुन हेयानले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसँग भेटवार्ता गरिन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, विपक्षी दल एमालेका अध्यक्ष केही शर्मा ओली, सत्ता साभ्फेदार दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा लगायतका उच्च राजनीतिक भेटवार्ता गर्नु पहिले सुन हेयानले नेपाल आउने बित्तिकै रास्वपा सभापति लामिछानेसँग भेट गरेका हुन् । उनी लामिछानेलाई भेट्न बनस्थलीस्थित राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यालय पुगेकी थिइन् । उक्त भेटमा सो रास्वपाका उपाध्यक्ष डोलप्रसाद अर्याल, प्रवक्ता मुकुल ढकाल, सहमहामन्त्री सुमना श्रेष्ठसहितका नेताहरु उपस्थित थिए ।

नेताहरुका अनुसार पछिल्लो समय छिमेकी मुलुकद्धय चीन र भारतले रास्वपाका नेताहरुसँग निरन्तर भेटिरहेका छन् ।

शुक्रबार नेपाल भ्रमणमा आएका चिनिया टोलीसँग भेट गरे लगत्तै रास्वपा सभापति लामिछाने उपसभापति अर्याल सहितका नेताहरु भारत भ्रमणमा गएका छन् । रास्वपाका नेताहरुका अनुसार उनीहरु नयाँ दिल्लीमा पार्टी शुभेच्छुकहरुले आयोजना गर्ने कार्यक्रममा सहभागी हुनेछन् ।

केही दिनअघि चिनियाँ राजदूत चेन सोङले पनि रास्वपाका सभापति लामिछानेसँग भेटेका थिए ।

रास्वपाका नेताहरुले पुस दोस्रो साता नारायणगढ-बुटवल सडकको ११३ किलोमिटर पैदल यात्रा गरेका थिए । त्यस क्षेत्रको विकास आयोजनाबारे पृष्ठ २ मा


२८ पुसमा रास्वपाको पार्टी कार्यालय बनस्थलीमा रास्वपा नेताहरुसँग चिनियाँ राजदूत ।



रास्वपा राम्रो पार्टी र भविष्य भएको पार्टी भएको लाग्यो होला । त्यसकारण उनीहरुले प्राथमिकतामा राखेका होलान् । जे जस्तो भेट भएता पनि हामी नेपालको सार्वभौम सत्तालाई पहिलो प्राथमिकतामा राख्छौं । त्यसअनुसार व्यवहार गर्छौं ।

**सन्तोष परियार**
**प्रमुख सचेतक, रास्वपा**

# शहीद सूचीमा थपिंदै तीन हजार

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ माघ ।

शहीद सूचीमा तीन हजार थपिने भएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका अनुसार सरकारले ३ हजारलाई हीद घोषणा गर्ने तयारी गरेको छ ।

शहीद प्रतिष्ठान नेपालले शनिबार काठमाडौंमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले माओवादी सशस्त्रयुद्धका क्रममा सरकारले घोषणा गर्न बाँकी रहेका करिब ३ हजारलाई छिट्टै शहीद घोषणा गर्नका लागि मन्त्रिपरिषदबाट निर्णय भएर राजपत्रका प्रकाशित गर्ने कामलाई अघि बढाइएको जानकारी दिए ।

उनका अनुसार तीन हजार छुट भएकाको शहीद घोषणा गर्ने विषय क्याबिनेटबाट निर्णय भइसकेको छ । गृह मन्त्रालयबाट प्रमाणित भइसकेको छ र त्यो राजपत्रमा प्रकाशित गर्नका लागि अगाडि बढिसकेको छ ।

गृह मन्त्रालयमा रहेको तथ्यांक अनुसार सरकारले २०४८ सालदेखि २०७७ चैतसम्म घोषणा गरेका शहीदको संख्या १२ हजार १९७ छ । शहीद परिवारलाई राज्यले १० लाख रुपैयाँ आर्थिक सहयोग गर्ने नीति लिँदै आएको छ ।

नेपालीहरु शहीद भन्नासाथ सबैभन्दा पहिले शुक्रराज शास्त्री, गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा र दशरथ चन्दको सम्भन्छन् । जहाँनिया राणा शासनको अन्त्य र प्रजातन्त्र बहालीका लागि आवाज उठाउँदा मारिएको सम्भनामा प्रत्येक वर्ष माघ १६ मा शहीद दिवस मनाउने गरिन्छ ।

> गृह मन्त्रालयमा रहेको तथ्यांक अनुसार सरकारले २०४८ सालदेखि २०७७ चैतसम्म घोषणा गरेका शहीदको संख्या १२ हजार १९७ छ । शहीद परिवारलाई राज्यले १० लाख रुपैयाँ आर्थिक सहयोग गर्ने नीति लिँदै आएको छ ।

मुलुक बन्नका लागि हरेक एतिहासिक कालखण्डमा वीर सपूतहरुको वलिदान रहेको छ । तिनै सपुतहरुको सम्भना र सम्मानको माघ १६ को शहीद दिवस मनाउने गरिएको हो । परिवर्तित परिपेक्ष्यमा नेपाललाई शहीद दिवसका रुपमा मात्र नभई शहीद सप्ताहका रुपमा एकहप्ता अगाडिदेखिनै विभिन्न कार्यक्रम गरेर मनाईने गरिन्छ । माघ १० गतेदेखि १६ गतेसम्मको अवधिलाई शहीद सप्ताहका रुपमा मनाइन्छ । हाल उपभोग गर्दै आएको स्वतन्त्रता, समानता अनि सार्वभौमिक्ताकालागि शहीदले दिएका बलिदान अभ्कै पनि टेकुको शुक्र वृक्ष, सिफलको रुख लगायत विभिन्न रुखहरु अनि घटनाक्रमहरुले दिने गरेको छ ।

२००७ सालपछि पनि पटक पटकका आन्दोलनमा प्रजातन्त्र बहालीका लागि धेरैले ज्यान गुमाए । २०४६ सालपछि विभिन्न जनआन्दोलनमा शहीदहरु थपिए । माओवादीले गरेको दश वर्ष लामो सशस्त्र संघर्ष, २०६२/०६३ को जनआन्दोलन र तराई/मधेस तथा थरुहट आन्दोलनमा सयौंले ज्यान गुमाए । जसले गर्दा शहीदको सूची लामो बन्दै गएको सरकारी अधिकारीहरु बताउँछन् । माओवादी सशस्त्र द्वन्द्वमा मारिएका मध्ये ९ पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# अभिमुखीकरण र स्वास्थ्य परीक्षणमा मन्त्रालयको चासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ माघ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारको अभिमुखीकरण तालिम तथा स्वास्थ्य परीक्षणमा रहेका कमीकमजोरी हटाउन सरोकारवालाहरुसँग बृहत् प्रतिबद्धता लिएको छ ।

शुक्रबार मन्त्रालयका सचिव केवल प्रसाद भण्डारीले आयोजना गरेको छलफलमा मन्त्रालयको वैदेशिक रोजगार महाशाखा, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, नेपाल अभिमुखीकरण व्यवसायी महासंघ, नेपाल स्वास्थ्य व्यवसायी महासंघलगायतका सरोकारवालाहरुको संस्थागत उपस्थिति रहेको थियो ।

अन्तरक्रियामा पूर्वप्रस्थान




अभिमुखीकरण तालिम तथा वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने संस्थाहरुको सम्बन्धमा मन्त्रालयबाट भएको आन्तरिक अनुगमन प्रतिवेदनमा छलफल भएको थियो ।

छलफलपछि मन्त्रालयका प्रवक्ता राजीव पोखरेलद्वारा जारी प्रेस विज्ञप्तिमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम तथा वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण कार्यमा हाल देखिएका कमी कमजोरी हटाइ सुरक्षित, मर्यादित वैदेशिक रोजगारसँग जोडिएका दुवै कार्यलाई अभ्क बढी विश्वसनीय र प्रभावकारी बनाउने विषयमा व्यापक छलफल भएको र सरोकारवालाहरुबाट सोही अनुसारको प्रतिबद्धता आएको उल्लेख छ ।

छलफलमा अभिमुखीकरण र स्वास्थ्य परीक्षणलाई प्रभावकारी बनाउन अभिमुखीकरण तालिम संस्थामार्फत आफूसँग सरोकार राख्ने सम्पूर्ण सूचनाहरु नपाइ वैदेशिक रोजगारमा जाने कामदारहरुको संख्यालाई शून्यमा भ्कार्ने र स्वास्थ्य परीक्षण गर्ने मेडिकल सेन्टरहरुले नपुग पूर्वाधार एक महिनाभित्र अनिवार्यरुपमा पुऱ्याउने प्रतिबद्धता आएको मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगार विभाग तथा अन्य निकायहरुले अनुगमन कार्यलाई प्रविधिको माध्यमबाट अनुगमन गर्ने कार्यलाई तीव्रता दिने र हालै गरिएको अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ को दोस्रो संशोधनलाई क्रमशः कार्यान्वयन गर्दै लगेर वैदेशिक रोजगारमा जाने कामदारहरुलाई अनिवार्यरुपमा पूर्वप्रस्थान तालिम दिएरमात्र प्रमाणपत्र जारी गर्ने प्रतिबद्धता पनि सरोकारवालाहरुबाट आएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी सो बृहत् छलफलबाट आएका प्रमुख ४ वटा विषयहरु कार्यान्वयनका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आवश्यक सहयोग र सकारात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएको मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ ।

नेपाल अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ को दोस्रो संशोधनका प्रावधान आवश्यक पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com

१४ माघ २०८०, आइतबार
28 January 2024, Sunday

# जनतामा छाएको निराशा चिर्न संवाद यात्रा : महामन्त्री थापा

**काठमाडौं/मस–** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले जनतामा छाएको निराशा चिर्न र स्थानीयस्तरका गुनासा सुन्नका लागि पार्टीले संवाद यात्राको शुरुवात गरेको बताएका छन् । महामन्त्री थापाले शनिबार बिहान भद्रपुरस्थित मेची पुल नजिकै आयोजना गरिएको यात्रा शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली समाजलाई निराशाबाट बाहिर निकाल्ने प्रयासस्वरुप यात्रा आरम्भ गरेको बताए ।




उनले यो यात्रा आफ्नो व्यक्तिगत नभएर पार्टीको समुदायसँग जोड्ने अभियान भएको स्पष्ट पारे । महामन्त्री थापाले आफूहरु भुईंमान्छेको प्रतिनिधि भएको उल्लेख गर्दै पार्टी प्रतिको गुनासो सुन्न र आम समुदायको समस्या बुझ्ने यात्राको उद्देश्य रहेको बताए ।

महामन्त्री थापाले यात्रा आरम्भ गर्नुअघि मेची क्याम्पस परिसरमा रहेको सहिद राम थापाको शालिकमा माल्यार्पण गर्नुका साथै क्याम्पसका शिक्षक, विद्यार्थीको समस्या बुझ्ने काम, प्रादेशिक अस्पताल भद्रपुरको नयाँ भवनको अवलोकनलगायत गरिएको बताए ।

कार्यक्रममा पार्टीका अर्का महामन्त्री विश्वप्रकाश शर्माले यात्राले जनताको दुःख, दर्द र मर्मलाई बुझ्नुका साथै आफूले गरेका कमीकमजोरी पत्ता लगाउनसमेत मद्दत गर्ने बताए । पार्टीलाई बलियो बनाउन कांग्रेसलाई बदल्नु आजको आवश्यकता रहेको उनको भनाइ थियो ।

समुदायमा कांग्रेस अभियानअन्तर्गतको यात्रा शुभारम्भ कार्यक्रममा पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, केन्द्रीय सदस्य प्रदीप पौडेललगायत सहभागी भएका छन् । कांग्रेसले केन्द्रीय समितिबाट निर्णय गरी यही माघ १२ देखि २६ गतेसम्म 'समुदायमा कांग्रेस' अभियान सञ्चालन गरेको हो ।

महामन्त्री थापाले शनिबार नै झापा चोकमा चिया संवाद, कञ्चनश्रीमा हात्ती प्रभावित क्षेत्रको अवलोकन, कृषक समूहसँग संवाद, झापा बजारमा खुल्ला संवाद गरेका छन् । संवाद यात्राका लागि महामन्त्री थापा झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपुर, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर पुग्ने कार्यक्रम रहेको छ । संवाद यात्रा माघ २६ गतेसम्म चल्ने नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईले बताए ।

# गौर अस्पतालका डाक्टर सिंहले माघ १५ सम्म हाजिर गरेको खुलासा

**राकेश यादव/मध्यान्ह**
रौतहट, १३ माघ

रौतहटको गौरमा रहेको प्रादेशिक अस्पतालका डाक्टरले ५ दिन अगाडि सम्मको हाजिरी गरेको खुलासा भएको छ ।

मेडिकल सुपरिटेन्डेन्टको विषय लिएर विवादित बनेका प्रादेशिक अस्पताल गौरका तत्कालीन मेसु डाक्टर संजीव कुमार सिंहले माघ १५ गतेसम्म हाजिरी गरेको तथ्य बाहिर आएको हो ।

प्रादेशिक अस्पताल गौरमा हाजिर भएका डाक्टर सिंहलाई सरुवा गरी उनको ठाउँमा डाक्टर कृष्णा साहलाई प्रदेश सरकारले पठाएपछि सरुवाकोविरुद्ध डाक्टर सिंहले प्रादेशिक अस्पताल र मुख्यमन्त्रीको कार्यालय उपर गएको कात्तिक १४ गते उच्च अदालत जनकपुरमा अस्थायी इजलास वीरगन्जमा उत्प्रेषण परमादेशको रिट दायर गरेपछि अस्पताल अहिलेसम्म प्रमुख विहीन बनेको छ । उच्च अदालतले निवेदक डाक्टर सिंह र विपक्षी डाक्टर कृष्णा साहलाई अर्को निर्णय नभएसम्म कामकाज तथा मन्त्रालयको निर्णय कार्यान्वयन नगराउन अन्तरिम आदेश जारी गरेकोमा अहिलेसम्म आदेशलाई निरन्तरता दिइएको बखतमा गोप्य रुपमा अस्पतालमा आएका डाक्टर सिंहले हाजिरी गर्दा आउने दिन माघ १५ गतेसम्म आफ्नो हाजिरी गरेको प्रमाण हाजिरी रजिष्टर सार्वजनिक भएपछि खुलासा भएको हो ।

मुद्दा चल्दा चल्दैको अवस्थामा पुस २६ गतेको निर्णय अनुसार बढुवा सिंहलाई प्रदेश सरकारले पुस १ गते देखि ज्येष्ठता कायम हुने गरी ११ औं तहमा नियुक्ति गरी माघ २ गतेमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाममा पदस्थापन गरिएको छ ।

# हेटौंडामा रक्तदान तथा वक्तृत्वकला प्रतियोगिता सम्पन्न

**दिपक पराजुली/मध्यान्ह**
हेटौडा, १३ माघ




शहीद दिवसको अवसरमा हेटौंडामा रक्तदान तथा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

हेटौंडा उपमहानगर पालिका -११ स्थित शहीद स्मारक विकास समितिको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत चौथो दिन रक्तदान र वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको हो । ११ नं वडा कार्यालयको आयोजना र नेपाल रेडक्रस सोसाइटी उपशाखा-११ को व्यवस्थापनमा गरिएको रक्तदान कार्यक्रममा ३३ जनाले रक्तदान गरेका थिए । यसैगरी शहीद स्मारक विकास समितिको आयोजना र मदन भण्डारी फाउण्डेश मकवानपुरको व्यवस्थापनमा भएको 'शहीद मदन भण्डारीको सपना साकार पार्नको लागि नवयुवाको भूमिका' विषयमा भएको वक्तृत्वकला प्रतियोगितामा हेटौंडा उपमहानगरपालिका १९ कि सपना बर्तौला प्रथम, हेटौंडा ५ कि आकांक्षा निरौला द्वितीय, हेटौंडा ४ कि दर्शना सापकोटा तृतीय भएकी छन् । यस्तै हेटौंडा ९ कि अभिप्सा न्यौपानेले सान्त्वना पुरस्कार जितेकी छिन् । पुरस्कारको राशी प्रथम, द्वितीय, तृतीय र सान्त्वनालाई क्रमशः दश हजार, सात हजार, पाँच हजार र एक हजार रुपैयाँ रहेको छ । प्रतियोगितामा घनश्याम घिमिरे, भावना सापकोटा र अमृत बर्तौला गरी तीन जनाको निर्णायक मण्डल रहेको थियो । मदन भण्डारी फाउण्डेसन मकवानपुरका अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणी पौडेलले शहीदको सपना पूरा गर्न सबैको भूमिका अपरिहार्य रहेको बताउँदै जननेता मदन भण्डारीले देखाएको बाटोमा सबैले हिंड्नुपर्ने बताए ।

# बसको ठक्करबाट पैदलयात्रीको मृत्यु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १३ माघ

बसले ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । बाक्लो हुस्सुका कारण शनिबार बिहान ४ बजेतिर पूर्वपश्चिम राजमार्गको चन्द्रनिगाहपुरमा बसले पैदल यात्रीलाई ठक्कर दिएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख प्रहरी निरीक्षक सुशील आचार्यका अनुसार 'मर्निङ वाक'मा निस्केका चन्द्रपुर-५ का ५५ वर्षीय बोधनाथ पौडेलको मृत्यु भएको हो । चन्द्रनिगाहपुरमा रहेको जगत पेट्रोल पम्म अगाडि पौडेललाई बसले ठक्कर दिएको उनले बताए ।

सर्लाहीबाट नारायणगढ जान लागेको बा ३ ख ३४५५ नम्बरको बसले ठक्कर दिँदा पौडेलको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ । ठक्कर दिने बस र चालक चन्द्रपुर नगरपीलका ४ का विजय राईलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाएको इलाका प्रहरी कार्यलय चन्द्रनिगाहपुरले जानकारी दिएको छ । बाक्लो हुस्सुका कारण बसका चलाकले पैदल यात्रुलाई नदेखेका कारण दुर्घटना भएको प्रहरीले अनुमान गरेको छ ।

# साउथवेस्टर्न स्टेट कलेजमा विज्ञान प्रदर्शनीको महामेला हुँदै

**काठमाडौं/मस–** काठमाडौंको बसुन्धरास्थित साउथवेस्टर्न स्टेट कलेजले माघ १८ र १९ गते दुईदिने विज्ञान प्रदर्शनीको आयोजना गर्न लागेको छ । विगत १२ बर्षदेखि विद्यालय तह र कलेज स्तरका विद्यार्थीहरुको सहभागितामा आयोजना गर्ने गरिएको उक्त विज्ञान प्रदर्शनी काठमाडौंका कलेज साथै विद्यालयहरुमा निकै लोकप्रिय रहेको कलेजका कार्यक्रम संयोजक राजेन्द्रप्रसाद लामिछानेले बताए । प्रदर्शनीमा ५० वटा भन्दा बढी विद्यालय, कलेज तथा अमेरिकी दूतावासका साथै शैक्षिक परामर्शदाता संस्थाहरुको सहभागिता रहने छ । प्रदर्शनीमा २० हजारभन्दा बढी दर्शकहरुले अवलोकन गर्ने अनुमान गरिएको छ । धेरै अवलोकनकर्ताहरुले अवलोकन गर्ने भएकोले पनि प्रदर्शनीमा स्टल राख्न धेरै विद्यालय र कलेजहरुको नाम आएकाले व्यवस्थापन गर्न अप्ठ्यारो परेको आयोजक साउथवेस्टर्न कलेजको भनाइ छ । विद्यार्थीहरुले कितावमा पढेका विषय यस किसिमको प्रदर्शनीले बुझ्न सजिलो बनाउने छ भने कक्षा कोठामा सिकेका कुरालाई व्यवहारिक प्लेटफर्म उपलब्ध गराउने उद्देश्यले प्रदर्शनीको आयोजना गर्न लागिएको आयोजकले जानकारी दिएको छ । देशमा उर्जाशील युवा वैज्ञानिक उत्पादन गर्न साउथवेस्टर्न स्टेट कलेजमा आयोजना गरिएका यस प्रकारका विज्ञान प्रदर्शनीले सहयोग गरेको छ ।

# दीर्घरोगबाट पीडित शर्माको उपचारका लागि आर्थिक अभाव, सहयोगको अपिल



**काठमाडौं/मस–** दीर्घरोगबाट पीडित बागलुङको बरेङ गाउँपालिका वडा नं. ४ सल्यान निवासी शेषनाथ शर्माले आर्थिक सहयोगका लागि अपिल गरेका छन् । विगत १७ वर्षदेखि टाइप टु मधुमेह तथा अल्जाइमर रोगबाट पीडित शर्मालाई आर्थिक अभाव हुँदा उपचारमा समस्या भएको उनको परिवारले जनाएको छ ।

विभिन्न रोगबाट ग्रसित शर्माको धेरै किसिमका औषधि र सुईबाट उपचार भइरहेको अवस्थामा आर्थिक अभाव हुँदा उपचारमा समस्या भएको हो । विगत १७ वर्षदेखि उपचार गराउँदा आफूसँग भएको सम्पत्ति पनि सकिएको र उपचारका लागि महँगो औषधि तथा सुई खरिद गर्न आर्थिक अभाव भएको पीडित शर्माले बताए ।

आफ्नो जीवन रक्षाका लागि सक्दो आर्थिक सहयोग गर्न शर्माले सबैलाई आग्रह गरेका छन् । राष्ट्रिय वाणिज्य बैंक बागलुङमा रहेको शेषनाथ शर्माको खाता नं. ३३७०१००००५२६१०१० मार्फत पीडित शर्मालाई आर्थिक सहयोग गर्न सकिनेछ । साथै पीडित शर्मालाई मोबाइल नं. ९८६९३३३३५१ मा सम्पर्क गरेर सिधैँ भेटेर आर्थिक सहयोग गर्न पनि सकिनेछ ।

## पूर्वराजा...

भएको घटनामा आफ्नो संलग्नता नरहेको मात्रै बताएनन् । यसबीचमा आफू मौन नरहेको प्रष्ट सन्देशका साथ उनले श्रीपेच राष्ट्रलाई सुम्पिएपछि मुलुक झन झन बरबादीतर्फ गएको भनी राजनीतिक भाषा बोलेका छन् । उनल भनेका छन्, ' अब सोच्ने बेला आयो । देशलाई झन् झन् बरबादीतिर नलैजाउँ । त्यसका लागि अब सबैले सोचौं–समिक्षा गरौं ।'

## शक्ति...

सरकारलाई खबरदारी गर्न भनेर गरिएको उनीहरुको पैदल यात्रा चीन सरकारको चासोमा परेको थियो । किनभने पूर्व-पश्चिम राजमार्गको बुटवल-नारायणगढ सडकखण्ड चिनियाँ ठेकेदार कम्पनी चाइना स्टेट इन्जिनियरिङ कर्पोरेसनले १७ अर्बको ठेक्कामा विस्तार गरिरहेको छ ।

त्यसपछि नेपालका लागि चिनियाँ राजदूत सोङ २६ पुसमा रास्वपा, कार्यालय वनस्थली पुगेका थिए । राजदूत सोङसँग सभापति रविका साथै अन्तर्राष्ट्रिय सम्बन्ध विभाग प्रमुख शिशिर खनाल, पूर्वाधार विकास विभाग प्रमुख निशा डाँगीले भेटेका थिए । नारायणगढ-बुटवल पैदल यात्राप्रति चीनको असन्तुष्टि बुझेपछि रास्वपाले भारतीय ठेकेदारले बनाएका आयोजनामा पनि पैदलयात्रा गर्ने निर्णय गरेको थियो ।

रास्वपाका प्रमुख सचेतक सचेतक सन्तोष परियार रास्वपा शक्ति राष्ट्रहरुले आफूहरुलाई प्राथमिकतामा राखेको स्वीकार गर्छन ।

'रास्वपा राम्रो पार्टी र भविष्य भएको पार्टी भएको लाग्यो होला । त्यसकारण उनीहरुले प्राथमिकतामा राखेका होलान्' उनी भन्छन्, 'जे जस्तो भेट भएता पनि हामी नेपालको सार्वभौम सत्तालाई पहिलो प्राथमिकतामा राख्छौं । त्यसअनुसार व्यवहार गर्छौं ।'

## शहीद...

हजार २ सय ७ जनालाई पटक पटक गरी शहीद घोषणा गरिएको छ । यो सूचीमा माओवादी र राज्य दुवै पक्षबाट मारिएका व्यक्तिलाई समावेश गरिएको छ ।

## अभिमुखीकरण...

रहेको सरोकारवाला सबै पक्षले अनुभूति गरेको र कार्यविधिलाई कार्यान्वयनमा लगेर कार्यान्वयनमा देखिने कमीकमजोरी संशोधन र सुधार गर्दै लैजाने विषयमा सबैको एकै धारणा प्रस्तुत भएको बताए ।

**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
## Infrastructure Development Office
**Okhaldhunga**
**Koshi Province, Nepal**

## Invitation for Bids

**Date of Publication: 2080/10/14 (28th January 2024)**

1. Province Government, Ministry of Physical Infrastructure Development, Transport Infrastructure Directorate, Infrastructure Development Office, Okhaldhunga, Koshi Province, Nepal invites bids from eligible bidders for following works:

| S.N | Contract ID | Description and Location of Work | Estimated Amount with VAT & PS | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-ROAD-26-2080/081 | Construction of Jarayotar- Maane Gaun- Sunuwar Tole- Masaar-Koshahat, Okhaldhunga | NRs. 24,13,121.02 | NRs. 70,000.00 (2024-06-27) | 3000.00 |
| 2 | IDO-OKHAL-NCB-ROAD-27-2080/081 | Construction Of Kachapu- Priti Danda Road, Khijidemba Rural Municipality, Okhaldhunga | NRs. 24,14,136.36 | NRs.70,000.00 (2024-06-27) | 3000.00 |
| 3 | IDO-OKHAL-NCB-ROAD-28-2080/081 | Construction of Nepte Bhanjyang- Pulami Tole Road, Sunkoshi Rural Municipality-06, Okhaldhunga | NRs. 24,11,598.01 | NRs.70,000.00 (2024-06-27) | 3000.00 |
| 4 | IDO-OKHAL-NCB-ROAD-29-2080/081 | Upgrading of Bhusingha- Taklung Road, Khijidemba Rural Municipality, Okhaldhunga | NRs. 24,14,014.73 | NRs.70,000.00 (2024-06-27) | 3000.00 |
| 5 | IDO-OKHAL-NCB-ROAD-30-2080/081 | Upgrading of Silkhu Besi- Sera Khola- Phediguth Road, Champadevi Rural Municipality, Okhaldhunga | NRs. 24,10,316.52 | NRs.70,000.00 (2024-06-27) | 3000.00 |
| 6 | IDO-OKHAL-NCB-ROAD-31-2080/081 | Construction of Nawalpur- Champadevi Gaa.paa. Kendra-Koshahat- Kakani- Khijiphalate- Solu Kinja Road, Okhaldhunga | NRs. 38,61,180.16 | NRs. 100,000.00 (2024-06-27) | 3000.00 |
| 7 | IDO-OKHAL-NCB-ROAD-32-2080/081 | Upgrading of Late Nimdarje paryatakiya Road open surke-chaurikharka Road, Solukhumbu | NRs. 28,91,101.77 | NRs.80,000.00 (2024-06-27) | 3000.00 |
| 8 | IDO-OKHAL-NCB-ROAD-33-2080/081 | Upgrading of Salleri-Taksindu-nunthala-kharikhola-chaurikharka-lukla Road, Solukhumbu | NRs. 19,30,173.83 | NRs.50,000.00 (2024-06-27) | 3000.00 |

2. Submission and Opening of Bids :

| Last Date of Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2080-11-15 (2024/02/27) | Before 12:00 noon | 2080-11-15 (2024/02/27) | 13:00 pm | Bidders download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. In e-bidding, Pre-bid meeting shall be held at the office on 2080/10/29 (12th February, 2024) at 13:00 hours. |

3. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Pradesh Lekha Ikai Karyalaya, Okhaldhunga. | Rastriya Banijya Bank. | Okhaldhunga. | 2070100202030000 (Dharauti) | Office Code: 3370110011 |
| Infrastructure Development Office, Okhaldhunga. | Rastriya Banijya Bank. | Okhaldhunga. | 1000100200010000 (Rajaswa) | 14229 (Revenue) |

4. If the last date of Bid submission and opening falls on a government holiday then the next working day shall be considered at last day.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).

**Office Chief**

# मुलुकको अर्थतन्त्रको मार्गचित्र तयार : अर्थमन्त्री

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, १३ माघ

अर्थमन्त्री डा. प्रकाशशरण महतले मुलुकको अर्थतन्त्रलाई अगाडि बढाउन स्पष्ट मार्गचित्र तयार भएको बताएका छन् । काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले यसअघि मुलुकको आर्थिक अवस्थामा समस्या देखिएता पनि अहिले अगाडि बढ्ने स्पष्ट मार्गचित्र तयार भएको बताएका हुन् ।




अर्थतन्त्रको पूर्वाधार तयार पार्न आवश्यक रहेको बताउँदै मन्त्री महतले सरकारले यसैमा ध्यान केन्द्रित गर्दै आएको जिकिर गरे । मूल्यवृद्धि नियन्त्रणमा रहेको बेलामा ब्याजदर घटिरहेको र आर्थिक गतिविधि पनि विस्तारै चलायमान बन्दै गएको उनले बताए ।

अर्थमन्त्री महतले अर्थतन्त्रका विषयमा सकारात्मक सन्देश प्रवाह गर्दै आत्मविश्वास आवश्यकता रहेको बताए । नेपालका उत्पादन, सेवा र वस्तुको यथेष्ट बजार विस्तार गर्न नसकेको उल्लेख गरे । अर्थमन्त्री महतले सबै मिलेर नेपाली उत्पादनको मार्केटिङ गर्न जरुरी रहेको औंल्याए ।

# रौतहटका सबै वडामा राष्ट्रिय परिचयपत्रका लागि टोली खटाइने

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १३ माघ

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले रौतहटको सबै स्थानीय तहको वडामा राष्ट्रिय परिचयपत्रका लागि टोली खटाउने भएको छ । जिल्लाको १८ स्थानीय तहको १ सय ५७ वटा वडामा टोली खटाइने विभागका महानिर्देशक युवराज कटेलले बताए ।



जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीको अध्यक्षतामा बुधबार गौरमा भएको अभिमुखीकरण अन्तरक्रिया कार्यक्रममा महानिर्देशक कटेलले डिजिटल नेपाल बनाउने आधारस्तभको रुपमा नागरिकको बायोमेट्रिक डाटा संकलन भइरहेको बताए ।

बौधिमाई नगरपालिकाका नगर प्रमुख प्रदिप कुमार यादवले राष्ट्रिय परिचयपत्र महत्वपुर्ण रहेको र धेरै कुरामा काम लाग्ने भएपनि नागरिकहरु यसमा फोटो खिचाउन उदासिन रहेको बताए । राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागका निर्देशक मुकेश कुमार केसरीले राष्ट्रिय परिचयपत्रबाट सेवामा सहजता हुने विश्वास प्रकट गर्दै सहयोग गर्न जनप्रतिनिधि तथा राजनैतिक दलका नेता र पालिकामा कार्यरत कर्मचारीहरुलाई आग्रह गरे । रौतहटको ८ लाख ५ हजार जनतामध्ये १ लाख ९२ हजार जनाले मात्र राष्ट्रिय परिचयपत्रका लागि फोटो खिचाएको निर्देशक केसरीले बताए ।

नेकपा एकीकृत समाजवादी पार्टीका नेता रेवन्त झाले राष्ट्रिय परिचयपत्र बनाइसकेका नागरिकलाई पुन: आफ्नो परिचय या अन्य व्यक्तिगत पहिचानका लागि सम्बन्धित निकाय धाइरहनु नपर्ने गरी सुनिश्चितता गरिएको खण्डमा यसको महत्व बढ्ने बताए ।

वडा स्तरमा खटिने टोलीका लागि ६० जना जनशक्ति तथा एक जना आईटी इन्जिनियर जिल्लामा आइसकेको विभागले जनाएको छ । जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासकीय अधिकृत मणिभुषण साहलाई कार्यक्रम संयोजक तोकिएको तथा टोली एउटा वडाम १५ देखि ३० दिनसम्म रहने बताइएको छ । यो अभियान रौतहटमा ३ महिनासम्म सञ्चालन हुने छ ।

# पाल्पाली सेवा समाज दोहा कतारमा नयाँ नेतृत्व

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १३ माघ

पाल्पाली सेवा समाज कतारको आठौं अधिवेशन सम्पन्न भएको छ । समाजका अध्यक्ष महल केसीको सभापतित्व तथा लुम्बिनी प्रदेश समन्वय परिषद् कतारका प्रमुख संरक्षक कमलमणि गुरागाईंको प्रमुख आतिथ्यता सम्पन्न अधिवेशनको बन्द सत्रबाट अध्यक्षमा विश्वनाथ भट्टराई सर्वसम्मत चयन भएका छन् ।



कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा विकास गैरे (बिक्की), उपाध्यक्षमा दामोदर पाण्डे, महासचिवमा मदन भण्डारी, सचिवहरुमा इश्वोर काफ्ले र कमल भुसाल, कोषाध्यक्षमा ऋषिराम श्रेष्ठ, सहकोषाध्यक्षमा हिरालाल बस्याल, महिला संयोजकमा धन कुमारी श्रेष्ठ चयन भएका छन् । त्यस्तै कार्यसमिति सदस्यहरूमा विवेक गैरे, मोहन मगर, नारायण बस्याल, विष्णु बहादुर नेपाली, शरण भुसाल, सुरेश बि.सी, बोम बहादुर ढेङ्गा, कमल भुसाल चयन भएका छन् । दुई जना सदस्यलाई समाजको पहिलो बैठकले चयन गर्नेछ । अधिवेशनको खुला सत्रमा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि गुरागाईंले पाल्पा जिल्ला परापूर्वकालदेखि नै ऐतिहासिक, पुरातात्विक तथा धार्मिक स्थल रहेको स्मरण गर्दै नेपालीहरूको शिरलाई उच्च राख्ने नेपाल र नेपालीको शान पाल्पाली ढाका नेपालदेखि विदेशसम्म प्रख्यात रहेको बताए । अधिवेशनलाई विशेष सम्बोधन गर्न नेपालबाट कतारसम्म आएका समाजका निवर्तमान अध्यक्ष तथा पाल्पाको रम्भा गाउँपालिका-१ को वडा अध्यक्ष ईश्वर काफ्लेले ढिलो चाँडो सबैको गन्तव्य नेपाल नै रहेको बताए । कतारमा रहँदा पनि आफू सामाजिकरूपमा सक्रिय रहेको स्मरण गर्दै उनले वडा अध्यक्षका हैसियतमा सरकारी कोषबाट प्राप्त हुने कुनै पनि सेवा सुविधा नलिइ जनताको सेवा गरिरहेको बताए ।

कार्यक्रममा तमु (गुरुङ) समाज कतारले पाल्पाली सेवा समाजलाई सगुन (कोसेली) स्वरूप प्रदान गर्दै सभापतिलाई फेटाद्वारा सम्मान गरेको थियो । समाजले आयोजना गरेका विभिन्न गतिविधिहरूमा विशेष सहयोग पुऱ्याउने संस्थाका व्यक्तित्व प्रदेश अन्तर्गतका जिल्ला संस्था, खेलाडी, पत्रकार तथा कलाकारहरूलाई कदर पत्रले सम्मान गरिएको थियो । कार्यक्रममा स्थानीय कलाकारहरूसहित नेपालबाट आमन्त्रित लोक तथा दोहोरी गायिका रुस्मा सिञ्जाली मगर, गायक तथा सर्जक डोलराज बाह्रघरे, लोक गायक अर्जुन कुँवरले सांगीतिक प्रस्तुति दिएका थिए ।

कार्यक्रममा कतारमा स्थापित वैचारिक सगंठन, प्रदेश समन्वय, विभिन्न जिल्ला संस्थाका अध्यक्ष तथा प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, कलाकार, पत्रकारलगायतको बाक्लो उपस्थिति रहेको थियो । सभापति केसीले आफ्नो कार्यकाल सफल बनाउन विभिन्न तह र तप्काबाट सहयोग गर्ने सहयोगी दातालाई धन्यवाद प्रकट गर्दै खुला सत्रको समापन गरेका थिए । समाजका उपाध्यक्ष विश्वनाथ भट्टराईले स्वागत मन्तव्य राखेको अधिवेशनलाई सचिव विकास गैरेले सहजीकरण गरेका थिए ।

## बटेश्वर गाउँपालिका
## गाउँ पालिकाको कार्यालय

**बटेश्वर, धनुषा**
**मधेश प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८०/१०/१४**

यस कार्यालयबाट आन्तरिक आय संकलन सम्बन्धी मिति २०८०/०८/२१ गते मध्यान्ह राष्ट्रिय दैनिक र www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र उचतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(घ) ६ र आ.प्र. नियमावली २०६४ परिच्छेद ६ को नियम १६८ को उपनियम २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने ७ (सात) दिने आशयपत्रको यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | सिलबन्दी बोलपत्र नं. | कामको विवरण | फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | 03/NCB/G/ BRM/080/81 | बटेश्वर गाउँपालिकाको बडहरी खोलाबाट ढुंगा, गिट्टी, बालुवा एवं ग्राभेल उत्खनन तथा संकलन | Shree panchdhuramai Suppliers, Bardibas-01 | रु.२३,९७,४३६/६५ |

**प्रमुख प्रशासकीय अधिकृत**

## जयपृथ्वी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**देवल, बझाङ्ग, सुदूरपश्चिम प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति :- २०८०/१०/१४**

यस कार्यालयबाट मिति २०८०।०८।२१ को "सौर्य दैनिक" राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित खुड्डीउन सिचाई कुलो निर्माण कार्य (ठेक्का नं. JPM–08–2080/081) गर्न बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार मिति २०८०/०९/०६ गते १२:०० बजेसम्म रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको विस्तृत मूल्याङ्कन हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव यस कार्यालयबाट माग भएको मूल्याङ्कन तथा योग्यताका सबै आधार पूरा भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१(ङ) को उपनियम ४ बमोजिम सारभूत रुपमा प्रभावग्राही भएको हुँदा तपसिल अनुसारको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१(ङ) को उपनियम ५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं./ योजनाको नाम | सफल बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| १ | ठेक्का नं. JPM-08-2080/081 Khuddiun Irrigation Canal Construction Work | Neeraj - Kesar JV , Gobariya 18, Kanchhanpur<br>Janakalyan- PK JV, Jayaprithhvi Municipality 05, Bajhang | २०८०।१०।२१, दिउसो १.०० वजे, ज.न.पा. कार्यालय देवल, बझाङ्ग |

**(अम्मरराज जोशी)**

## Khatyad Rural Municipality
## Office of the Rural Municipal Executive

Ramtadi, Mugu
Karnali Province, Nepal

### Invitation for Electronic Bids

First Date of Publication: - 2080/10/14 BS, 28-01-2024 AD

1. Khatyad Rural municipality Ramtadi, Mugu invites only electronic bids from eligible bidders for the construction of following works under National Competitive Bidding under the Single-Stage, Single Envelope Biding Procedure.

| S. N. | Contract No/ Bid No. | Description of Works | Total cost of project including VAT. | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | KRM/NCB/ WORKS /03/80/81 | Road Gravelling Work at Khatyad-06, Raskotibada | 22,12,053/- | 58000/- | 3000.00/- | – |

2. Purchase, Submission and Opening:

| Activity | Date | Time |
|---|---|---|
| Submission of Bid | Up to 2080/11/17 ( 29 th Feb. 2024) | 12:00 Hrs |
| Opening of Bid | Up to 2080/11/17 ( 29 th Feb. 2023) | 14:00 Hrs |

3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document:-**

- Name of the Bank : Machhapuchchhre Bank, Khatyad, Branch
- Name of Office : Khatyad Rural Municipality
- Dharauti Account no. : 0720065818000068
- Rajaswa (revenue) Account no : 0720065818000083

4. Bidders shall have the option of submitting their bids: "by electronic only". Bids received after this deadline will be rejected.
5. The unit price furnished in words shall prevail in case of any discrepancy between figures and words.
6. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 (First amendment 2073 as well and Public Procurement Regulation 2064.
7. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 29-02-2024 12:00.
8. Bids must be valid for a period of 90 days after bid opening which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time to contract Award.

Chief Administrative Officer



मध्यान्ह
www.madhyanhadaily.com
१४ माघ २०८०, आइतबार
28 January 2024, Sunday

## सम्पादकीय

# शहीदको सम्मान कार्यकारीको दायित्व

शनिबार राजधानीमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उत्तेजित भाषण गरे । आफ्ना कार्यकर्ताप्रति आक्रोशित भावमा प्रचण्डले शहीदहरूको अपमान गर्दा त्यसको प्रतिवाद नभएको गुनासो गरे । १७ हजार प्लस दुई भनेर शहीदको अपमान हुँदा समेत आफ्ना कार्यकर्ताले प्रतिवाद गर्न नसकेको प्रचण्डको भनाइ थियो । सँगै, थप तीन हजारलाई शहीद घोषणा गर्ने तयारी भएको पनि प्रधानमन्त्री प्रचण्डले बताएका छन् । प्रधानमन्त्रीले भनेजस्तै निर्णय सरकारले गरेमा एक वर्षभित्रै ९ हजार बढी शहीद हुनेछन् । गत वर्ष १५ फागुनमा प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद्बाट ६ हजार ३४४ जनालाई शहीद घोषणा गरेका थिए । २०६५ साल पुस ९ मा प्रचण्डले नै शहीद घोषणा गरेपनि राजपत्रमा प्रकाशित हुन सकेको थिएन ।

तर प्रधानमन्त्री प्रचण्डले राजपत्रमा प्रकाशित गरेर ६ हजार बढी शहीद परिवारले पाउने सुविधा दिएका थिए । शनिबार प्रचण्डले दिएको अभिव्यक्ति कार्यान्वयनमा आए देशमा १० हजार बढी शहीद हुनेछन् । यसअघि शहीद संख्या असाध्यै कम थियो । लामो समयसम्म १९९७ सालमा राणा शासन अन्त्य गर्ने आन्दोलनका चार शहीदलाई मान्ने गरिएको थियो । २०६२/०६३ सालपछि दोस्रो जनआन्दोलनका शहीदहरू थपिएका थिए । तर प्रधानमन्त्री प्रचण्डले पञ्चायतकै समयदेखि विभिन्न राजनीतिक आन्दोलनमा ज्यान गुमाउँदै आएकाहरूलाई शहीद घोषणा गरिरहेका छन् । जुन संख्या दश हजार नाघ्न लागेको हो । कतिपय प्रधानमन्त्र प्रचण्डको यही निर्णयलाई लिएर शहीदप्रति अपमान भएको टिप्पणी गर्छन् । शान्ति सुरक्षा कायम गर्ने क्रममा प्रहरीको गोली लागेर ज्यान गुमाएका जति सबैलाई शहीद मान्दा व्यवस्था परिवर्तनका आन्दोलनका खास शहीदको सम्मान हुन नसकेको ती टिप्पणीकर्ताको बुझाइ छ ।

तर प्रधानमन्त्री प्रचण्डले सरकारको विरोध गर्नेहरूले १७ हजार प्लस दुई भन्दा शहीदको अपमान भएको सार्वजनिक आक्रोश पोखेका छन् । एउटा दृष्टिकोणबाट हेर्दा प्रधानमन्त्रीको निष्कर्ष सही पनि हो । किनकि व्यवस्था परिवर्तनकै निम्ति प्राणको आहुती दिनेहरू शहीद हुन्, उनीहरूलाई सरकारसँग जोडेर अपमान गर्न उचित होइन । अझ हरेक नागरिक सम्मानित हुन् र उनीहरूको मृत्युलाई लिएर भर्त्सना सही होइन । तर शहीदप्रतिको सम्मान एउटा मात्रै आधारलाई लिएर हुँदैन । शहीदको सम्मान हुने आधार सरकारले निर्माण गरिदिनुपर्छ । प्रणाली कमजोर हुँदै जाँदा उक्त प्रणालीका सर्जकहरूप्रति सम्मान नभएर बितृष्णा बढेर जान्छ । राणाशासन र राजतन्त्रको महिमा जसरी असान्दर्भिक बनेर गएको छ, त्यसैगरी अहिलेको प्रणाली कमजोर हुँदा शहीदहरूको सम्मान बढ्दैन । सरकार र त्यसको कार्यकारी प्रमुख भएकाले शहीदको सम्मान हुने बातावरण स्वयं प्रधानमन्त्री प्रचण्डले नै निर्माण गर्नुपर्छ ।

# विद्यार्थी पलायन र त्रिवि सुधारको सवाल

अग्रलेख



● डा. दिबाकर बशिष्ठ

लाखौं विद्यार्थी अध्ययनरत विश्वविद्यालयमा आगामी नेतृत्व कस्तो हुनुपर्ने भन्ने सम्बन्धमा सर्वसाधारण र बौद्धिक वर्गमा व्यापक चर्चा परिचर्चा भैरहेको देखिन्छ । पहिलो पटकको नियुक्ति प्रक्रियामा २०८० पौष २० मा निकालेको विज्ञापनको जनस्तर, विद्यार्थी र प्राज्ञिक क्षेत्रबाट व्यापक विरोध भएपछि दोस्रो पटक पुनः विज्ञापन आह्वान गरेको थियो । विश्वविद्यालयको प्रमुख समस्या भनेको सुशासन र छिटो छरितो सेवा एवम् शैक्षिक गुणस्तर नै हो भन्नेहरूको बाहुल्यता छ । त्यसो त अरु सयौं समस्याहरू यथावत नै होलान्, जसको समाधान आगामी नेतृत्वले गर्ला भन्ने आश गर्नुपर्दछ । त्रिभुवन विश्वविद्यालय विद्यार्थी युनियनका स्यामराज ओझाले सामाजिक सञ्जाल फेसबकमा सेयर गरेको एक सर्वेक्षणअनुसार ४९.६ प्रतिशत विद्यार्थीको राय हेर्दा परीक्षा नियन्त्रण कार्यालयबाट ट्रान्सक्रिप्ट मात्र निकाल्नको लागि १ महिनाभन्दा बढी समय लाग्दछ । अरु बेथिति त अथाह होलान् । हालै विश्वविद्यालयमा उपकुलपति पद खाली रहेको छ, सोही सन्दर्भलाई लिएर त्रिभुवन विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८० ले विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि दरखास्त आह्वान गर्दै उम्मेदवारमा चाहिने न्यूनतम योग्यता तोकेको छ, जसमा स्नातोकत्तर उपाधी हाँसिल गरेको, प्राध्यापक पदमा नियुक्ति भई अनुभव हाँसिल गरेको, विश्वविद्यालयको स्वार्थसँग नबाझिएको, नेपाली नागरिक भएको, राजनीतिक दलको सदस्यता नलिएकोलगायत अलावा दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरूमा प्राध्यापकमा कार्य गरेको अनुभवमा प्रति वर्ष २ अंक भनिएको छ, जसमा अधिकतम अंकभार १० ल्याउन ५ वर्ष प्राध्यापकभै सकेको हुनुपर्ने, विद्यावारिधी उपाधिको ५ अंक, स्वदेशी तथा विदेशी विश्वविद्यालयमा पदाधिकारी भइ कार्य गरेको अनुभवमा ४ अंक, अनुसन्धानमूलक पुस्तक एकलरूपमा प्रकाशन वापत ५ अंक, प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सम्पन्न गरे बापत ६ अंक, विश्वविद्यालयको सोच पत्र र ४ वर्षे व्यावसायिक कार्य योजना वापत ३५ अंक, प्रस्तुतिकरण वापत २० अंक र अन्तर्वार्ता वापत १५ अंक भार निर्धारण गरेको देखिन्छ । तथापि, विश्वविद्यालयको सोचपत्र र कार्ययोजना, प्रस्तुतिकरण र अन्तर्वार्तामा अंकभार दिँदा खेल्ने ठाउँ भएको हुँदा निष्पक्षता होला र यस्तै चर्चा चिया पसलमा समेत सुनिन्छ ।




हाल त्रिभुवन विश्वविद्यालयको उपकुलपति पदमा दरखास्त दिनेहरूको संख्या ४३ रहेको देखिन्छ । हालैको विद्यार्थी आन्दोलनपश्चात त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयले २०८० माघ १५ देखि ट्रान्सक्रिप्टलगायत सेवा अनलाइनबाट दिने घोषणा गरिसकेको अवस्था छ । विगतमा गुपचुप नियुक्ति हुने यो पद विश्वविद्यालयको एकातर्फ शैक्षिक अवस्था थप बिग्रदो र अर्कोतर्फ चरम राजनीतिक हस्तक्षेपले जनस्तर र विद्यार्थीहरूमा विरोध र धर्ना एवम् बुलन्द आवाजका कारण हाल त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा को र कस्तो व्यक्ति हुने त भन्ने बहस जोडतोडले चलेको देखिन्छ ।

प्रधानमन्त्री र मन्त्रीहरूले समेत त्रिविवि सुधारको लागि उपकुलपति निष्पक्ष छनोट गर्नुपर्ने कुरामा मत जाहेर गरेका छन् । यद्यपि, नेपालका राजनेताहरू जनपक्षीय कुरा बोल्ने, सस्तो लोकप्रियता एकछिनको लागि हाँसिल गर्ने तर, कार्यान्वयन गर्दा परम्परावादी सोच अर्थात् 'हाम्रो जति राम्रो' भन्ने आधारमा विगतमा नियुक्ति गरिएको हुँदा यो पदमा पनि निष्पक्ष नियुक्ति होला भनेर भन्न सकिँदैन भन्नेहरू मनग्य छन् । बौद्धिक पलायन रोक्न नसकिएको, विद्यार्थी विदेश पढ्न जानेको लर्को लागेको, शैक्षिक क्यालेण्डर बनाई कार्य नगरेको, गुणस्तरिय शिक्षा नदिएको, व्यावसायिक शिक्षामा जोड नभएको हुँदा विश्वविद्यालय किन चाहियो र भन्ने आवाज दिन प्रतिदिन उठ्नुले आम शिक्षाप्रेमिलाई चिन्तित बनाएको देखिन्छ । मेरो व्यक्ति आए विश्वविद्यालय सुधार हुन्छ, अन्य आए हुँदैन भन्नेहरू पनि देखिन्छन् । विश्वविद्यालयको समग्र प्रणालीमा सुधार हुनु पर्दछ भन्नेहरूको संख्या पनि मनग्य देखिन्छ ।

> विश्वविद्यालयको प्रणालीगत सुधारका लागि कुनै एक्लै व्यक्तिबाट सम्भव हुँदैन । कुनै पनि विश्वविद्यालयको सफलता त्यहाँ कार्यरत कर्मचारी, प्राध्यापक र विद्यार्थीको एकताले मात्र सम्भव हुन्छ । त्रिभुवन विश्वविद्यालयमा पनि राजनीतिक हस्तक्षेप बन्द गरी 'मेरो होइन, हाम्रो' भन्ने सोचको आधारमा निष्पक्ष छनोट गर्न सकेमा सुधार र सफलता भन्ने कुरा टाढा छैन ।

समग्रमा हेर्दा, कुनै पनि विश्वविद्यालयको सफलता त्यहाँ कार्यरत कर्मचारी, प्राध्यापक र विद्यार्थीको एकताले मात्र सम्भव छ । त्रिभुवन विश्वविद्यालयमा पनि राजनीतिक हस्तक्षेप बन्द गरी 'मेरो होइन कि हाम्रो' भन्ने सोचको आधारमा निष्पक्ष छनोट गर्न सकेमा सुधार र सफलता भन्ने कुरा टाढा छैन । तथापि, विश्वविद्यालयको प्रणालीगत सुधारको लागि कुनै एक्लै व्यक्तिबाट सम्भव हुँदैन । प्रशासनिक पद रेक्टर, त्रिविवि सेवा आयोग, विद्यार्थी संगठनहरू, प्राध्यापक, कर्मचारीलगायतलाई एकीकृत गरी आफ्नो प्रगतिशिल सोच र लक्ष्य एवम् योजनालाई अल्पकालिन, मध्यकालिन र दीर्घकालिनरूपमा विभाजन गरी प्रविधिमा जोड दिँदै दृढ इच्छा शक्तिका साथ कार्यान्वयनमा जान सक्यो भने मात्र विश्वविद्यालयको सुधार हुनेछ भन्नेमा कसैको दुई मत नहोला ।

आज विश्वविद्यालयमा कसैको दबाब र प्रभावले काम गर्ने व्यक्तिभन्दा पनि निष्पक्ष र दक्ष व्यक्तिको खाँचो छ । भागवण्डाले विश्वविद्यालय थिलोथिलो बनाएको छ । तसर्थ, विश्वविद्यालयको खास समस्या केहो ? विद्यार्थीको आकर्षण किन घटेको ? उपकुलपति कस्तो व्यक्ति हुनुपर्ने हो ? भन्ने विषयमा बौद्धिक वर्गमा चर्चा हुनु स्वभाविक मानिन्छ । नेपाली र विश्व बजारले कुन विषय र दक्षता खोजेको छ ? परीक्षा प्रणालीमा किन सुधार हुँदैन ? नतिजा किन ढिला ? दलप्रति झुकाव भएको व्यक्ति नै किन ? खुला प्रतिस्पर्धामा निष्पक्षता हुने कि नहुने ? दक्ष प्राध्यापक र कर्मचारीमा नैराश्यता किन ? राइट म्यान राइट प्लेसको अवधारणा किन लागु हुँदैन ? विश्वविद्यालय र कलेजहरू किन रित्तिएका ? विश्वमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन हुन किन नसकेको ? विश्व 'र्याङ्कीङ्ग'मा किन पछि पर्दै गएको ? विश्वविद्यालयको प्रचार प्रसार किन नभएको ? विदेशी सम्बन्धनका कलेज किन विस्तार भएको र त्यहाँ विद्यार्थी संख्या किन बढेको ? त्रिविवि प्रति विश्वास बढाउन के गर्ने ? विश्वविद्यालयमा हुने बारम्बारको तालाबन्दी, आन्दोलन र तोडफोडलाई रोक्न के गर्ने ? अधिकार भने खोज्ने तर, कर्तव्यको पालना नगर्ने कर्मचारी तथा शिक्षकलाई के-कस्तो दण्ड दिने ? विश्वविद्यालय परिसरमा विद्यार्थीसँग प्रश्न बुझ्दा यी र यस्तै प्रश्नहरूको उत्तर दिन सक्ने काविल व्यक्ति जसले उपरोक्त समस्याको समाधान गर्नसमेत सक्छ, त्यही व्यक्ति अबको उपकुलपति हुनुपर्दछ भन्ने आम विद्यार्थी वर्गको धारणा पाइन्छ ।

उपकुलपतिको पहिलो कार्य विश्वविद्यालयको समग्र छवि सुधार गर्नुपर्ने, तलब तथा सुविधालाई परिमार्जन गर्ने, सेवा आयोग र उपकुलपतिबिचमा समन्वय स्थापित गर्ने, राजनीतिक आश र त्रासलाई हटाउनु पर्ने, बेथिति र बिसंगतिलाई हटाउनुपर्ने, विद्यार्थी एवम् कर्मचारी मैत्री नीति नियमको निर्धारण र सहभागितामूलक व्यवस्थापनको अवधारणा अघि सार्ने, दोहोरो सञ्चारको नीति लिने, पारदर्शिता अपनाउने र भ्रष्टाचार अन्त्य एवम् विश्वविद्यालयमा हाजिर गरेर नीजि कलेजमा पनि कक्षा लिई तलब भत्ता बुझ्ने जस्ता कार्यलाई दण्डनीय बनाउने, सेवा आयोगलाई पारदर्शी र निष्पक्ष बनाउने तदनुरूप कर्मचारी एवम् प्राध्यापकको नियुक्तीको व्यवस्था गर्ने, प्राध्यापकहरूको गुणस्तर बढाउने, उपकुलपति पदको गरिमालाई बढाउन राजनीतिक भागवण्डाको परिवेशमा नफस्ने, विद्यार्थी संख्या र उनीहरूको शैक्षिक गुणस्तर बढाउन तत्काल योजना बनाउने, सोध र अनुसन्धानमा जोड दिने, समकक्षता निर्धारण एवम् त्रिविविका सबै प्रशासनिक कार्यहरू बिना झन्झट छिटो छरिता सम्पादन हुने व्यवस्था मिलाउने, अनुशासन र सुशासनलाई निर्मम भई पालना गर्ने गराउने, सोध ग्रन्थ अर्थात् थेसिसको गुणस्तर कायम गर्ने, पाठ्यक्रममा समयानुकुल परिवर्तन गरी विद्यार्थीलाई अध्ययन गर्न विदेश जान नपर्ने गरी परिमार्जन गर्ने, विदेशी विद्यार्थीलाई आकर्षण गर्ने योजना बनाउने, नेपाललाई शैक्षिक पर्यटनको हब बनाउन महत्वपूर्ण भूमिका निवार्ह गर्ने, कर्मचारीको र विभिन्न पदमा रहनु भएका शिक्षकको कार्य सम्पादन मूल्यांकन, वृत्ति विकास, उत्प्रेरणा जस्ता कुरामा तत्काल नीति परिमार्जन गरी कार्यान्वयन गर्ने, विश्वविद्यालय र आंगिक क्याम्पसमा मुस्कानसहितको सेवालाई जोडतोडका साथ अघि बढाउने, विद्यार्थी विश्वविद्यालयको भरपर्दो ग्राहक भएको हुंदा उनिहरू संग मैत्रिपुर्ण व्यवहार गर्दै शैक्षिक गुणस्तरमा ध्यान दिने, आफ्नो भौतिक संपत्तिको संरक्षण गर्दै विश्वविद्यालय परिसरलाई प्रविधि मैत्रि र प्राकृतिक सुन्दरताको लागि गार्डेनिङ्ग गर्नेलगायतका कार्यले मात्र विश्वविद्यालयको गुणात्मक सुधार हुन्छ भन्नुमा कुनै अत्युक्ति नहोला ।

तसर्थ, विश्वविद्यालयका उपकुलपति, सेवा आयोग, रेक्टर, रजिष्टार, परीक्षा नियन्त्रक र अन्य विभागीय प्रमुखहरूको बिचमा साप्ताहिक अन्तरक्रियाको व्यवस्था गरी विश्वविद्यालयको नीति निर्धारण, आधुनिकीरण, नयाँ प्रविधिको विकास एवम् विस्तार, स्रोत र साधनको समन्वयतात्मक परिचालन, शैक्षिक गुणस्तर सम्बन्धमा विद्यार्थी प्रतिनिधिहरूसँगको निरन्तर संवाद, विद्यार्थीको विदेश पलायन रोक्न के गर्ने भन्ने सवालमा शिक्षाविदहरूसँगको अन्तरक्रिया, सरकार र अन्य स्टेक होल्डरसँगको छलफल, स्वदेशमै रोजगार विस्तार गर्न कस्तो जनशक्ति उत्पादन गर्ने र कसरी रोजगारीको सुनिश्चितता गर्ने जस्ता सवालमा नियमित बहस गर्न सकेमा मात्र ब्रेनड्रेन र विद्यार्थीको विदेश पलायनलाई रोक्न सकिन्छ, त्यस्तै उपकुलपतिले विद्यार्थी, कर्मचारी, प्राध्यापकलगायतलाई दोष दिँदै मैले भनेको कसैले सुन्दैन म के गरु ? भन्ने र अधिकार खोज्ने कर्तव्यको पालना नगर्ने व्यक्तिलाई पुन उपकुलपति नियुक्ति गर्ने अवस्था आयो भने विश्वविद्यालयको लागि त्यो भन्दा अनिष्ट के होला र ? भन्ने कुरामा कसैको विमति नरहला ।

*(लेखक विश्वविद्यालय आङ्गिक क्याम्पसका शिक्षक र पूर्वबैंकर्स हुन् ।)*

## सामाजिक सञ्जाल



- डम्मर खतिवडा

राष्ट्रिय सभाको औचित्य के ? कि अमेरिकाको सिनेटजस्तो प्रदेश सम्प्रभुताको प्रतीक हुनु पर्‍यो कि विज्ञ र अल्पसंख्यकहरूको सभा हुनु पर्‍यो कि राष्ट्रिय जीवनका विविध क्षेत्रमा योगदान गरेका व्यक्तित्व हुनु पर्‍यो । हरूवा र बेरोजगार कार्यकर्तालाई जागिर खुवाउन राष्ट्रिय सभा ? खारेज गर !



- सेतेमान तामाङ

विश्वविद्यालयको उपकुलपति नियुक्तिमा एक पटक उपकुलपति, रेक्टर, रजिस्ट्रार र डीन प्रमुख भएका व्यक्तिहरूलाई बनाउनु हुँदैन । उनीहरू नै हुन् विश्वविद्यालयलाई ध्वस्त बनाउने मतियारहरू । कम्तीमा योग्य र दक्ष व्यक्तिलाई नियुक्ति गरिए विश्वविद्यालय सुधार्न सक्छन् । नभए झन् ध्वस्त बनाउँछन् ।



- सुर्यराज आचार्य

०४६ सालपछि त्रिविमा दलहरूको राजनीति घुस्यो । प्राज्ञिक साख र व्यवस्थापकीय पद्धति खस्किँदै गयो । प्राज्ञिक निष्ठा/क्षमताका मान्छे टिक्ने अवस्था भएन । या त बाहिरिए या किनारामा धकेलिए । केही अपवाद होलान्, तर, मूलत अयोग्य र दलका झोला बोक्नेको हालिमुहाली त्रिविमा चल्यो । सुधार चुनौतीपूर्ण छ !



- कृष्ण घिमिरे

अहिलेको सनातनी परिपाटीले र सम्भावित नेतृत्वबाट सुधार सम्भव छैन । घाउमा मलम पट्टिले काम नगरेपछि शल्यक्रिया नै गर्नुपर्ने हुनसक्छ । त्रिविको टप म्यानेजमेण्टदेखि सम्पूर्ण संरचना, पठन-पाठन, परीक्षा प्रणाली, प्राज्ञिक तथा कर्मचारीतन्त्र र कार्यशैली नफेरी सुधार हुँदैन ।

## तपाईंको राशिफल

मेष : घरेलु जिम्मेवारी बढ्नेछ । आर्थिक पक्ष मजबुत हुनेछ ।

वृष : कार्यमा अनावश्यक खर्च हुनसक्छ । विरोधी सक्रिय रहनेछन् ।

मिथुन : सरकारी सहयोग प्राप्त हुनेछ । दैनिक कार्यमा ध्यान दिनुहोला ।

कर्कट : सन्तान सुख प्राप्त हुनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ ।

सिंह : अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला । स्वास्थ्य राम्रो रहनेछ ।

कन्या : श्रीमतीको सहयोग प्राप्त हुनेछ । अनावश्यक खर्चको योग छ ।

तुला : सामाजिक कार्यमा वृद्धि हुनेछ । लगानी बढ्दै जाने योग छ ।

वृश्चिक : आफ्ना इष्टमित्रहरूसँग भेटघाट हुनेछ । विवादमा परिने योग छ ।

धनु : कार्यहरूमा सावधानी तथा मुद्दा मामिलामा सफलता मिल्नेछ ।

मकर : शुभ समाचार प्राप्त हुनेछ । धन आर्जनमा वृद्धि हुने योग छ ।

कुम्भ : वाणी संयम राख्नुहोला । नोक्सान हुने योग छ ।


मीन : नाता-गोतासँग भेटघाट हुनेछ । पारिवारिक जीवन सुखी रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# लाशमाथिको झण्डा राजनीति !

टिप्पणी



● शम्भू कट्टेल

> झण्डा ओढाउने संस्कृतिले ठूला पार्टीहरूले आफ्नो प्रभुत्व जमाउने मौका पाएका छन् । ठूला पार्टीमा लागे मलामी धेरै हुने र ठूला भनिएकाहरूबाट मरेपछि नै भए पनि प्रशंशा पाउने कुराले औसत मान्छेलाई तान्ने कुरा स्वाभाविक नै हुन्छ । तर ती ठूला पार्टीहरूले निष्पक्षरूपमा मूल्यांकन गरेर झण्डा ओढाएको भने देखिँदैन ।

मान्छेमा मरेपछिको आफ्नो इज्जतको चाहनाको स्थान पनि ठूलै हुने रहेछ । यसको पछाडि कुन मनोविज्ञानले काम गरेको छ, त्यो त अध्ययनकै विषय होला तर, केही हिन्दु संस्कारका बिद्धानहरूले यसमा निकै ध्यान दिएका छन् । उनहरूका अनुसार अहिलेको यी खाताको स्तरले गर्दा अर्को जन्मको प्रशासकले पनि राम्रो मूल्यांकन गरेर मृतकहरूले सुख पाउँछन् । मान्छेको यो पुनर्जन्मको चाहना राजनीतिक पार्टीहरूको प्रभुत्वको पनि एउटा स्रोत बन्न पुगेको देखिन्छ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**लक्की ओभरसिज प्रा. लि.**
LUCKY OVERSEAS
श्रम इजाजत नं. १३८/०५५/०५६
धोबिघाट-३, रिङ्गरोड, ललितपुर, नेपाल, फोन: ०१-५१५३०५५, ०१-५१५३०३३
E-mail: luckyoverseas1998@gmail.com, overseaslucky@gmail.com
Web.: luckyoverseas.com

**कतारमा रोजगार** | कम्पनी: ADAMCO HOSPITALITY & CLEANING WLL शहर:DOHA

पूर्व स्वीकृत मिति:२०८०/०५/१० चलानी नं.:६०२०६८५५ LT. No.:291644 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Specialist | 0 | 2 | सम्बन्धित काममा दक्ष | 2100 | ७६,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 0 | 4 | | 1000 | ३६,४०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २१ गते (4 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Paragon H.R. Management Pvt. Ltd.**
Govt.Lic.No. 1519/074/075
Dhumbarahi-4, Kathmandu, Mob.: 9813000522, Tel:-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: www.paragonhrgroup.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: AL MAWARID HUMAN RESOURCES COMPANY ONE PERSON COMPANY शहर: SAUDI ARABIA
पुर्व स्वीकृत मिति: २०८०/१०/१२ चलानी नं.: ६०२१३८१६ L.T. No.: 298786

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 50 | 0 | स. काममा दक्ष | 1200 | ४२,४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० माघ २१ गते (4 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**GENX ASSOCIATES PVT. LTD.**
( साबिक: A JOURNEY MAN OVERSEAS Pvt. Ltd.)
Gov. Lic No. 554/061/062
Battisputali 09 Kathmandu Nepal.
5912992 | 5912993 9801094755 | 9801094757 | 9801094756
admin@genxassociate.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१४ माघ २०८०, आइतबार
28 January 2024, Sunday

# बक्स अफिस समाचार

## ‘गोर्खा वारियर’ : मलाया जंगलमा गोर्खा सैनिकको लडाइँको कथा



**काठमाडौं/मस–** वीरताको कथा र देशभक्तिलाई केन्द्रमा राखेर नेपालमा कमै चलचित्र बन्ने गरेका छन् । अनुसन्धानमा समय र निर्माण लागत धेरै लाग्ने भएकाले पनि निर्माता तथा निर्देशकले यस्ता विषयलाई ध्यान नदिएका हुन् । तर पूर्वगोर्खा सैनिक रहिसकेका निर्देशक तथा निर्माता मिलन चाम्सले गोर्खालीले रचेको इतिहासलाई समेटेर ‘गोर्खा वारियर’ चलचित्र तयार पारेका छन् ।

आगामी फागुन ११ देखि प्रदर्शन गरिने चलचित्र ‘गोर्खा वारियर’ मा सन् १९४९ मा मलाया जंगलमा बेलायती सेनामा आबद्ध गोर्खा सैनिकले लडेको लडाइँको कथा प्रस्तुत गरिएको छ । नेपालमा प्रदर्शन गर्नु अगाडि नै बेलायतस्थित लिसेस्ट स्क्वायरमा रहेको आइम्याक्स सिनेवर्ल्डमा पहिलो प्रदर्शनी (प्रिमियर) गरेर अन्तर्राष्ट्रियरुपमा समेत चर्चामा रहेको चलचित्रलाई निर्माण गर्न तीन वर्ष लागेको निर्देशक चाम्सले बताए ।

‘मैले यसमा चलचित्रमा देखाइने काल्पनिकभन्दा पनि वास्तविक रुपमा सैनिकले लड्ने युद्धलाई देखाएको छु । सन् १९४९ को समयलाई पर्दामा देखाउनु सहज थिएन । यसका लागि मैले छायाँकनमा तीन वर्षको समय खर्चेको छु । तयारी त एकदशक अगाडिदेखि कै हो,’ निर्देशक चाम्सले भने, ‘हामीले उक्त समयमा युद्धमा प्रयोग भएका वस्तु नै विभिन्न संग्रहालयबाट ल्याएर प्रयोग गरेका छौं । यो चलचित्रले हाम्रो वीरतालाई देखाउनुका साथै विश्वमा नेपाली चलचित्रको महत्वलाई दर्शाउने छ ।’

चलचित्र ‘गोर्खा वारियर’ ब्रिटिस एकेडेमी फिल्म एण्ड टेलिभिजन अवार्ड (बाफ्टा) मा पहिलो चरणमा छनोट हुनु सम्पूर्ण नेपाली चलचित्रकर्मीका लागि गौरवको विषय रहेको निर्देशक चाम्सले बताए । ‘गोर्खालीको विषयमा चलचित्र बनेको भन्ने थाहा पाएपछि हामीले पाएको सम्मान र तारिफलाई शब्दमा व्यक्त गर्न सक्दैनौं,’ उनले भने ।

अब नेपाली चलचित्रकर्मीले वीरता र इतिहासको कथालाई पर्दामा ल्याउन ढिलाइ गर्न नहुनेमा निर्देशक चाम्सले जोड दिए । यसमा मुख्य भूमिका निर्वाह गरेका अभिनेता रितेश चाम्स आफैं पूर्वगोर्खा सैनिक हुन् । उनले सेनाबाट अवकाश पाएपछि बेलायतमै अभिनयसम्बन्धी शिक्षासमेत लिए ।

‘मैले युद्धको क्रममा भोगेको भोगाइलाई नै यसमा प्रस्तुत गरेको छु । चलचित्र हेर्नुभएका गोर्खा सैनिकले मलाई दिएको प्रतिक्रियाले झनै उत्साहित छु । पुनः सैनिक जीवनमा फर्कने मौका पाएँ,’ अभिनेता चाम्सले भने । चलचित्रमा विजय लामा, रेविका गुरुङ, रियर राई, शिशिर बाङ्देल, कविता आले, विरुप घले, सारा राईलगायत कलाकारले अभिनय गरेका छन् ।

## ‘जिग्री’को टिजर रिलिज



**काठमाडौं/मस–** अभय बराल र आकाश मगरको मुख्य भूमिका रहेको फिल्म ‘जिग्री’को टिजर सार्वजनिक भएको छ । टिजरसँगै निर्माताले फागुन ४ गतेलाई प्रदर्शन मितिको रुपमा घोषणा गरेका छन् ।

टिजर पैसाले उत्पन्न गराएको उल्झनमा केन्द्रित छ । एक समूहबाट बच्नका लागि दुई युवाले गरेको संघर्षलाई ट्रेलरमा रोचक ढंगले देखाइएको छ ।

फिल्मलाई आकाश स्वयंले निर्देशन गरेका हुन् । फिल्ममा सुप्रिया राना, रोशन सुवेदी, जीवन बराल, वासुदेव खनाल, नवीन लम्साल, केदार श्रेष्ठ, दिवाकर घिमिरे, सुशीला लक्ष्मी महर्जन, मनिष व्याञ्जु, स्नेहा रसाइली, अर्जुन पौडेल, शंकर भण्डारी लगायतको पनि अभिनय छ ।

सुस्केरा आर्ट्सले लोकल सिनेमासँग सहकार्य गरेको निर्माण गरेको फिल्मका कार्यकारी निर्माता कुसुम थापा मगर र निर्माता कुमार श्रेष्ठ हुन् । फिल्ममा सुमित भट्ट र सोमित माझीको छायांकन, सरुन मानन्धरको सम्पादन र कलर, किशोर आचार्यको ध्वनि तथा सुवास पौडेल र भास्कर स्वाँरको संगीत छ ।

## गायिका आचार्यको ‘झिमझिम परेली’




**काठमाडौं/मस–** प्रवासमा रहेर पनि अनवरतरूपमा नेपाली गीतसंगीतमा लागिरहेकी गायिका निता आचार्यको ‘झिमझिम परेली’ बोलको म्युजिक भिडियो शुक्रबार सार्वजनिक गरिएको छ । गायिका आचार्यको आफ्नै युट्युब च्यानलबाट सार्वजनिक भएको छ ।

डिपी खनालको शब्द रचना, शंकर थापा ‘स्माइल’को संगीत रहेको गीतमा गायिका आचार्यलाई स्वरमा प्रताप दासले साथ दिएका छन् । भिडियो एक विशेष समारोहबीच वरिष्ठ गायिका ज्ञानु राणाको प्रमुख आतिथ्यतामा सार्वजनिक गरिएको हो ।

केशवराज भट्टले निर्देशन गरेको गीतको भिडियोमा अलिशा शर्मा र बद्रीप्रसाद तिवारीलाई फिचरिङ गरिएको छ । नवराज उप्रेतीको छायांकन रहेको भिडियोमा बन्दे प्रसादको सम्पादन छ ।

गायिका आचार्यको सभापतित्वमा भएको कार्यक्रममा गीतकार संघका अध्यक्ष वसन्त वित्यासी थापा, नेपाली फिल्म सोसाइटिका अध्यक्ष, अभिनेता एवम् निर्माता कृष्ण मल्ल, संगीत तथा चलचित्र उत्पादक समाज नेपालका अध्यक्ष सूर्यबहादुर मगर, पिम नेपालका अध्यक्ष माधव खरेल, सदाबाहार नायिका शर्मिला मल्ल, वरिष्ठ देउडा गायक नन्दकृष्ण जोशी, गायिकाका बुबा सुरेन्द्रप्रसाद आचार्यलगायतको आतिथ्यता रहेको थियो ।


# Invitation to Bids

## Chamunda Bindrasaini Municipality

**Jambukandh, Dailekh**

### Invitation Bids for the Procurement and supply of Medicine, equipment and Materials

**Contract Identification No: SQ/01/2080/81**

**Date of publication: 2080/10/14 (28 January, 2024)**

1. Chamunda Bindrasaini Municipality Jambukandh Dailekh invites electronic bids from Nepalese eligible bidders for the Procurement and Supply of Medicine, equipment and materials of under National Competitive Bidding procedures. The estimated amount for the works is Rs 19,87,000.00 with vat.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chamunda Bindrasaini Municipality Jambukandh dailekh. Office mailing address: ito.chamundabindrasainimun@gmail.com Contract ph.: 9851190882, 9858038178 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the Rs. 1000.00 of bidding document in the Project's rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Nepal SBI \Bank Chamunda Branch.**
   **Name of Office : Chamunda Bindrasaini Municipality Jambukandh Dailekh**
   **Office Code no. : 801066702**
   **Office Account no (Rajaswa acount) : ga (1.1) 41295241207004**
   **Dharauti Account no. : ga(3) 41225240600007**
4. Pre-bid meeting : NA
5. Bids must be submitted by electronic through PPMO website www.bolpatra.gov.np/egp on or before Date: 2080/10/29 & time 12:00 . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2080/10/29 2:00 AM at the office of Chamunda Bindrasaini Municipality office Dailekh. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs 50,000.00. Which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

**Lumbini Province Government**
**Ministry of Urban Development**
## Urban Development & Building Office,
**Nepalgunj, Banke**

# Invitation for Bids

**IFB No.UDBO/BANKE/WORK/080-081** **Date of publication: 2080/10/14**

1. Urban Development & Building Office, Banke invites electronic bids from Nepalese eligible bidders for the Construction Of following work under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No. | Brief description of the Works | T.Estimated Amount (with Vat & Contg.) | Bid document price (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | UDBO/BANKE/NCB/WORK/THAKURBABA.ASPHALT /080-081/43 | Construction of Asphalt Widening Works at Thakurbaba-4 Khailar To Thakurbab-3 Neulapur towards Khusalpatuwa towards Madhuwan, | 49,99,787.61 | 3000 | 1,25,000 |
| 2. | UDBO/BANKE/NCB/WORK/DRAIN.UPGRADATION/080-081/44 | Construction of Rcc Drain and Upgradation of Road at Badhaiyatal Tank Prasad Bhatarai house to Nanda Ram tharu house, Bardiya | 59,99,862.99 | 3000 | 1,50,000 |
| 3. | UDBO/BANKE/NCB/WORK/KALHANSAN.UPGRADATION/080-081/45 | Construction of R.C.C. Drain and Upgradation of Road at Khjura-7 from kalhansan village to Sonbarsha towards Pipiri, Banke | 49,99,630.32 | 3000 | 1,25,000 |
| 4. | UDBO/BANKE/NCB/WORK/NPJ-16.UPGRADATION/080-081/46 | Construction of RCC Drain and Upgradation of Road at Nepalgunj-16 jaispur to pachpokhara, sahigau, badhaiya, shivpuri, Khajura-1 Radhapur Chowk, Banke | 49,99,628.45 | 3000 | 1,25,000 |
| 5. | UDBO/BANKE/NCB/WORK/JANAKI-2.BELBHAR/080-081/47 | Construction and Upgradation of Road at Janaki-2 Belbhar, Banke | 99,98,900.40 | 3000 | 2,50,000 |
| 6. | UDBO/BANKE/NCB/WORK/NPJ-17. PARASPUR.DRAIN/080-081/48 | Construction of RCC Drain at Nepalgunj-17 Paraspur Gau Basti Vikash, Banke | 24,99,758.31 | 3000 | 63,000 |
| 7. | UDBO/BANKE/NCB/WORK/NPJ-17.PARASPUR/080-081/49 | Construction of RCC Drain at Nepalgunj-17 Paraspur Gau Shahari Purwadhar, Banke | 24,99,758.31 | 3000 | 63,000 |
| 8. | UDBO/BANKE/SQ/WORK/DRAIN.BAGIYA/080-081/01 | Construction of R.C.C. Drain at Kohalpur-11 Bagiya school to duduwa khola, Banke | 14,99,829.40 | 1000 | 38,000 |
| 9. | UDBO/BANKE/SQ/WORK/NPJ-16.DRAIN/080 081/03 | Construction of Brick Masonry Drain at Nepalgunj-16, Banke | 19,99,885.02 | 1000 | 50,000 |

2. All bidders shall only submit their bid electronic and bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2080/11/15. For more detail information download the Bidding Document.

**Acting Office chief**



## मलेसियामा रोजगारको अवसर

कम्पनी : ROTI UTAMA SDN BHD
शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०८०/१०/१२ चलानी नं.: ६०२१३८११ L.T. No.:298865

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worekr | 14 | 4 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० माघ २१ गते (4 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Fair Connect Resource Pvt. Ltd.
श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Dhumbarahi–04 , Kathmandu Nepal, Tel :- 00977-1-5905737
Email :- agencyfcr@gmail.com

यसगरी मधेश प्रदेश १० अंकसहित तेस्रो स्थानमा रहेको छ । उसको पनि एक खेल बाँकी छ ।

चौथो स्थानमा त्रिभुवन आर्मी क्लब ६ खेलबाट ८ अंकका साथ रहेको छ । पाँचौ स्थानमा रहेको सुदूरपश्चिम प्रदेशको पनि ८ अंक रहेको छ । यसैगरी एपीएफ र कर्णाली ६-६ अंकका साथ तालिकाको छैटौं र सातौं स्थानमा रहँदा गण्डकी प्रदेश ४ अंक जोडेर तालिकाको आठौं स्थानमा छ । २ अंकमात्रै बनाएको लुम्बिनी नवौं र अंक नै जोड्न नसकेको कोशी प्रदेश पुछारमा रहेको छ ।

### प्रधानमन्त्री कप क्रिकेट

# एपीएफ र बागमती विजयी



**काठमाडौं/मस-** प्रधानमन्त्री कप एक दिवसीय क्रिकेट प्रतियोगितामा विभागीय टोली एपीएफ क्लबले चौथो जित हात पारेको छ। मुलपानीस्थित माथिल्लो क्रिकेट मैदानमा भएको खेलमा एपीएफले गण्डकी प्रदेशलाई ८८ रनले हराउँदै चौथो जित हात पारेको हो। एपीएफले दिएको २०८ रनको लक्ष्य पछ्याएको गण्डकी प्रदेश ३३.४ ओभरमा ११९ रनमा समेटियो ।

गण्डकीका लागि समिर कँडेलले ३३, इश्वर क्षेत्रीले २८ रन बनाए । त्यस्तै विपिन खत्रीले अविजित १८ रनको पारी खेल्दा करण पंगेनीले १६ तथा कमल परियार १० रनमा आउट भए । एपीएफका अमर रौटेलाले चार, मौसम ढकालले तीन, भुवन कार्कीले दुई रमेश कुर्मीले एक विकेट लिए। त्यसअघि पहिले ब्याटिङ गरेको एपीएफले ४७ ओभर २ बलमा सम्पूर्ण विकेट गुमाउँदै २०७ रन बनाएको थियो। एपीएफका लागि लोकेश बलमे ५० रनको अर्धशतकीय पारी खेले। उनले ६३ बलमा ५० रन बनाएका थिए। त्यस्तै भुवन कार्कीले ४५ रन बनाउँदा प्रदीप ऐरीले ३९ तथा पुर्न विकले ३० रन जोडे । गण्डकीका लागि कमल परियारले तीन विकेट लिँदा विपिन खत्री, अमृत गुरुङ र सन्दिप पराजुलीले दुई-दुई विकेट लिए ।

यस्तै शनिबार नै भएको अर्को खेलमा बागमती प्रदेशले लुम्बिनी प्रदेशमाथि सहज जित निकालेको छ । बागतमीले लुम्बिनीलाई ६ विकेटले हराएको हो। त्रिवि क्रिकेट मैदानमा लुम्बिनीले दिएको १०७ रनको लक्ष्य पछ्याएको बागमतीले १७ ओभर २ बलमा ४ विकेट गुमाउँदै पूरा गऱ्यो ।

बागमतीका लागि ओपनर इशान पाण्डेले ५४ बलमा ५ चौका र २ छक्का सहित ५० रनको अर्धशतकिय इनिङ खेले । यस्तै कप्तान रित गौतमले ३३ बलमा २४ रन बनाए । ओपनर आशुतोष घिराइयाले १४ रन बनाए । लुम्बिनीका लागि निर्मल गुरुङले २ विकेट लिए भने कृष्ण कार्की र अभिषेक गौतमले समान १-१ विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको लुम्बिनीनले ३२ ओभर २ बलमा सम्पूर्ण विकेट गुमाउँदै १०२ रन बनायो। लुम्बिनीका लागि सुशान्त थपलियाले २८ रन बनाउँदा निर्मल गुरुङले २७ रनको योगदान गरे । लम्बिनीका प्रज्वल थापाले १४ रन बनाउँदा विराट भण्डारीले १३ रन जोडे । बागतीका लागि सूर्य तामाङले सर्वाधिक ६ विकेट लिए । उनले प्रधानमन्त्री कपमा दोस्रो पटक ६ विकेट लिएका हुन् । बागमतीका विपिन आचार्यले दुई विकेट लिँदा प्रतिश जिसी र क्रिजन गुरुङले एक-एक विकेट लिए ।

बागमती १२ अंकका साथ तालिकाको दोस्रो स्थानमा रहेको छ। शीर्ष २ ले फाइनल खेल्ने तालिका अनुसार बागमतिको फाइनल खेल्ने सम्भावना रहे पनि अन्य खेलको नतिजामा भर पर्नु पर्छ । पुलिस अहिले ६ खेलबाट शतप्रतिशत जित निकाल्दै शीर्ष स्थानमा रहेको छ । अझै पुलिसका ३ खेल बाँकी छन् ।

# गौरमा मेयर कप टी-२० क्रिकेट प्रतियोगिता शुरु




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १३ माघ

रौतहटको सदरमुकाम गौरस्थित राईस मिलको मैदानमा शनिबारदेखि मेयर कप टी-२० क्रिकेट प्रतियोगिता शुरु भएको छ । जिल्ला क्रिकेट संघको समन्वय तथा गौर नगरपालिकाको आर्थिक सहयोगमा मेयर कप क्रिकेट प्रतियोगिताको आयोजनो गरिएको हो ।

गौरका ९ वटै वडाका टिमलाई तीन समूहमा विभाजन गरी लिग खेल खेलाइने भएको छ । खेलाडीको क्षमता विकासका लागि क्रिकेट प्रतियोगिताको आयोजना गरिएको गौर नगरपालिकाले जनाएको छ । गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले गौर नगरबाट उत्कृष्ट खेलाडी चयन गरेर पालिका कपमा गौर नगरको राम्रो र बलियो टिम सहभागी गराउने उद्देश्यले मेयर कप आयोजना गराइएको बताए ।

स्थानीय स्तरमा गुणस्तरीय खेलाडी उत्पादन गरेर प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा यहाँका खेलाडीलाई सहभागी गराएर रौतहटको नाम उच्च पार्न यस्ता खेलले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनले बताए । प्रतियोगितामा विजेता हुने टिमलाई २५ हजार र उपबिजेता हुने टिमलाई १५ हजार रुपैयाँ नगद पुरस्कार दिइने छ । प्रत्येक खेलमा म्यान अफ द म्याच हुनेलाई १५ सय, म्यान अफ द सिरिज हुनेलाई ५ हजार, बेस्ट बलरलाई २१ सय, बेस्ट ब्याट्सम्यानलाई २१ सय र बेस्ट किपरलाई २१ सय नगद पुरस्कार र कप प्रदान गरिने छ । यस प्रतियोगिताले आगामी फागुनमा आयोजना हुने पालिकास्तरीय कपको तयारीका लागि खेलाडी चयन गर्न सहज हुनेसमेत नगरपालिकाले जनाएको छ ।

**श्री देउराली सामुदायीक वन उपभोक्ता समुह**
**रौतामाई गाउँपपालिका २ उदयपुरको समुह बाहिर**

**काठ विक्रि सम्बन्धी सूचना**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७९/०८० मा संकलन गरी घाट गद्दि गरेको लट नम्बर १ को साल थान ४३ को ५५७.९२ क्युफिट काठ लट नम्बर २ को साल चिरान थान २०५ को १८६.७५ क्युफिट काठ बाहिर जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/११/०२ मा दर्ता भएको **प्रा.लि.नं. २५५७७५/२०७७/०७८** को **लाथ्कु छैँ होमस्टे प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१०/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०७/०६ मा दर्ता भएको **प्रा.लि. नं. ५६९४७** को **लोन्ली प्लानेट टुर्स एण्ड ट्राभल्स प्रा.लि.** को मिति २०८०/१०/१२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com

**Invitation for Electronic Bids**

## Barju Rural Municipality
## Office of Rural Municipality Executive
**Amahibelha, Sunsari**

**Invitation for Bids for the as per table below.**

**Contract Identification No: BRM/SUNSARI/NCB/GOODS/3/2080/81**
**Date of publication: 28-01-2024**

1. Barju Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Procurement of Procurement of Electric Water Pump and Shallow Tube Well.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Barju Rural Municipality, Amahibelha, Sunsari. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : NIC Asia Bank Limited. Barju Branch**
   **Name of Office : Barju Rural Municipality**
   **Office Code no. : 801011410**
   **Office Account no. : 2432050027873004**
   **Rajaswa (revenue) Shirshak no.: AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA**
4. Pre-bid meeting shall not be held.
5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM, 27th Feb 2024 at the office of Barju Rural Municipality Amahibelha, Sunsari. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid. Or cash deposit the bid security amount.
   **Name of the bank : NIC Asia Bank Limited.**
   **Name of Office : Barju Rural Municipality**
   **Office Code no. : 801011410**
   **Office Account no. : 243CA50017628005**
   **Account Name : DHARAUTI KHATA-BARJU GAUNPALIKA**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Name of Project | Contract Id. No. | Total Estimate Amount (Excluding VAT & Contingencies) | BidSecurity Amount NRs. | Bid Document Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Procurement of Electric Water Pump and Shallow Tube Well | BRM/SUNSARI/NCB/GOODS/3/2080/81 | 1,749,805.00 | 50,000.00, | 3,000.00 |

**Chief Administrative Officer**

## Sayal Rural Municipality
## Office of Municipal Executive
**Dudeligada, Doti**
**Sudurpaschim, Nepal**

**Date of Publication : 28-01-2024**

1. The Sayal Rural Municipality Doti invites electronic bids from Nepalese eligible bidders for the Construction of Dumari Dekhi Ghogatal Samma Sadak Nirman under National Competitive Bidding procedures.

| S. No | Contract Identification Number | Description of work | Estimated Cost (NRs.) Excluding VAT | Bid Security (NRs.) | Bid Document Price (NRs.) | Bid Submission Deadline | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SRM/NCB/2080-81/CW/Roads/02 | Construction of Dumari Dekhi Ghogatal Samma Sadak Nirman | 67,73,853.06 /- | 3,00,000/- | 3,000/- | 27th February 2024 AD (2080/11/15 B.S) 12:00 Noon | 27th February 2024 AD (2080/11/15 B.S) 1:00 Noon | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sayal Rural Municipality Dudilegada, Doti, Email: sayaldoti@gmail.com. Contact No : 9858444333, 9868887669 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**i. Name of the Bank: Nabil Bank Ltd.** **ii. Name of Office : Sayal Rural Municipality, Dudilegada, Doti**
**iii. Office (Aanatarik rajaswa) Account No :07801017500216** **iv. Office (Dharauti Account No :07801017500037**

4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 27th February 2024 A.D. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 Noon on 27th February 2024 A.D at the office of Sayal Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format amounting to a minimum of NRs. 3,00,000/- which shall be valid for 30 days beyond the validity period of the bid .(i.e 120 days)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission .

**Chief Administrative Officer**

आर्थिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
१४ माघ २०८०, आइतबार
28 January 2024, Sunday



# ‘सरकारले भुक्तानी नदिँदा अर्थतन्त्रको चक्रमै नकारात्मक असर परिरहेको छ’

एकातिर आयोजनाहरु वर्षौंसम्म नभइरहेको भन्दै निर्माण व्यवासयीहरुको आलोचना भइरहन्छ । अर्कोतिर, काम गरेका आयोजनाहरुको समेत सरकारले भुक्तानी नदिएको भन्दै निर्माण व्यवसायीहरु गुनासो गरिरहेका छन् । आयोजना समयमै सम्पन्न नहुने र सम्पन्न भएका आयोजनाको पनि समयमै भुक्तानी पाउने अवस्थाले अर्थतन्त्रमा कस्तो असर पार्छ ? निर्माण अर्थतन्त्रसँग जोडिएका यी र यस्तै प्रश्नमा केन्द्रित रहेर मध्यान्हकर्मी **आरके डिसी**ले नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष **रवि सिंह**सँग गरेको कुराकानी :

**रवि सिंह**, अध्यक्ष, नेपाल निर्माण व्यवसायी संघ

**सरकारले भुक्तानी दिएन भनेर केही समयअघि तपाईंहरु प्रदर्शनमा उत्रिनु भएको थियो । अहिले भुक्तानी पाउनुभयो ?**

हामीले आर्थिक वर्ष २०७९/८० मा जुन काम गरेका थियौं, त्यसको बिल बनाएर भुक्तानी गर्न बाँकी रकम करिब ९ अर्ब थियो । काम गरेको तर बिल बनाउन सकेको रकम लगभग ४० अर्ब रुपैयाँ निर्माण व्यवसायीहरुले अझै पनि प्राप्त गरेका छैनन् ।

**त्यो अहिले पनि प्राप्त भइसकेको छैन ?**

अहिले पनि छैन । यो आर्थिक वर्ष सडक विभागले मात्रै काम गरेर दायित्व सिर्जना भएको ६ अर्ब रुपैयाँ भुक्तानी भएको छैन । खानेपानीमा पनि काम गरेर भुक्तानी नभएको रकम एक अर्बको हाराहारीमा छ । सिँचाईमा २ अर्ब भुक्तानी लिन बाँकी छ । समग्रमा भन्दा सरकारले भौतिक निर्माण क्षेत्रमा भएका कामको भुक्तानी दिन नसक्दा अर्थतन्त्रको चक्रमा नै नकारात्मक असर परिरहेको छ ।

**सरकारले अहिले अर्थतन्त्रमा सुधार आइरहेको र राजस्व संकलन पनि बढेकाले भुक्तानीमा समस्या छैन भनिरहेको छ । तर तपाईंहरुले भुक्तानी पाएका छैनौं भन्दै हुनुहुन्छ । यसको समाधान किन निस्किएन ?**

सरकारले दिएको निर्देशन र गरेका प्रतिबद्धतामाथि निर्माण उद्योगीहरुले विश्वास गर्दैनन् । प्रत्येक पटक अर्थमन्त्रीले निर्माण व्यवसायीको भुक्तानी हामीले गर्‍यौं, गरिसक्यौं र अब गर्छौं भनेर भन्नुहुन्छ । उहाँहरुले गत असार मसान्तसम्म सबै भुक्तानी हुन्छ भन्नुभयो । तर, ९ अर्बको भुक्तानी भएन । त्यसपछि साउनमा हुन्छ भन्नुभयो, त्यो पनि भएन । यो देशको सर्वोच्च व्यक्ति प्रधानमन्त्रीले मंसिर २९ गते ८ अर्ब भुक्तानी हुन्छ भन्नु भएको थियो । त्यसमध्ये एक अर्ब ७० करोड रुपैयाँ अर्थमन्त्रालयबाट निकासा भएको छ । बाँकी चाहिँ प्रक्रिया नपुगेको नाममा अर्थमन्त्रालयबाट निकासा नहुँदाखेरि अब त सरकारले प्रतिबद्धता पुरा गर्छ भनेर जुन आशा जागेको थियो, त्यो पनि पुनः निराशातिरै धकेलिएको छ ।

यस विषयमा हिजो मात्रै अर्थमन्त्रीसँग हामीले कुरा राखेका थियौं । उहाँले भन्नुभयो,-‘तपाईंहरुको यसमा दोष छैन, सम्बन्धित आयोजनाहरुले प्रक्रिया पुरा नगर्दा भुक्तानी भएको छैन ।’ हाम्रो दोष छैन भने हामी किन पीडामा हुने ? किन हामीले हाम्रो भुक्तानी लिनको लागि अर्थमन्त्री, प्रधानमन्त्रीको ढोका चाहार्नु पर्ने ? उहाँहरुले यो त नियमित प्रक्रियाबाट भुक्तानी गर्नुपर्ने हो ।

**तपाईंहरुको बुझाइमा सरकारले किन भुक्तानीमा ढिलाइ गरिरहेको छ । सरकारको नियतमै समस्या हो कि पैसा नै छैन ?**

यसमा सबै कुराले प्रभाव पारेको छ । न्यून राजस्व संकल पनि यसको एउटा प्रमुख कारण हो । अहिले राज्यले जुन हिसाबले आन्तरिक र बाह्य ऋण उठाई रहेको छ, त्यसको ब्याज चाहिँ खर्बमा छ । तर, सरकारले पुँजीगत खर्च चाहिँ ५० अर्बमा गरिरहेको छ । यदि पुँजीगत खर्च नबढाउने हो भने उहाँहरुले लिएको लक्ष्य प्राप्त हुँदैन ।

**भुक्तानी बाहेक निर्माण व्यवसायीहरुले भोगिरहेका समस्या के-के हुन् ?**

हामीले अहिले भोगिरहेको सबैभन्दा ठूलो समस्या बजारमा रहेको अस्थिरता हो ।

**त्यो भनेको ?**

त्यो भनेको अहिले अन्तर्राष्ट्रिय स्तरमा सबैको मूल्य घटिरहेको बेला भर्खरै केही सिमेन्ट व्यवसायीले कार्टेलिङ गरेर मूल्य एक सय रुपैयाँ बढाउनुभयो । हामीले विरोध गर्‍यौं, अनि फेरि घटाउनभुयो । सिमेन्ट उद्योग नेपालमा आएपछि एकदमै खुसी छौं । यसले गर्दा विगतमा भन्दा मूल्य धेरै सस्तो भएको पनि छ । तर पनि उहाँहरुले स्वस्थ प्रतिस्पर्धा नगरिकन, कार्टेलिङ गरिरहनु भएको छ । यस्तो चाहिँ हुनुहुँदैन ।

अर्को, सरकारले आयोजनाको म्याद थप गरिदिने, तर व्यवसायीले त्यो म्याद थप प्राप्त गर्नको लागि अनावश्यक रुपमा बैंक ग्यारेन्टी तिर्नुपर्ने, बिमा गर्नुपर्ने अवस्था छ । म्याद थप हुँदै गर्दा हरेक वर्ष ५ देखि १० प्रतिशतसम्म अतिरिक्त खर्च व्यहोर्नुपर्ने हुन्छ । रुस-यूक्रेन युद्धका कारणले डिजेलको मुल्य अत्यधिक बढ्यो । तर, बढेको मूल्य समायोजन गरिदिनको लागि सरकार तत्पर देखिँदैन । अर्कोतिर, आवश्यकता भन्दा पनि व्यक्ति विशेषको पहुँचको आधारमा तयार भएका आयोजनाहरु चाहिँ ती व्यक्तिहरुको दबाब र प्रभाव कम भएपछि लथालिङ्ग भएका छन् । त्यसको असर निर्माण व्यवसायीलाई परेको छ । ती आयोजनाहरु न हामी छोड्न सक्छौं, न अगाडि बढाउन बजेट छ । अर्कोतिर सरकारले नै स्वदेशी निर्माण व्यवसायीलाई प्रोत्साहित गर्नुपर्नेमा विदेशी निर्माण व्यवसायीलाई प्राथमिकता दिइएको देखिन्छ । अहिले सबै आयोजना विदेशीलाई लक्षित गरेर दिने प्रवृत्ति बढेको छ ।

**सरकारले किन पत्याइरहेको छैन त ?**

मुलुकको अधिकांश राजमार्ग अहिले अस्तव्यस्त छ । हाम्रो पर्यटन राजमार्ग मानिने मुग्लिन- पोखरा दुई घण्टामा पुग्नुपर्ने हो । तर, अहिले ८ घण्टा लाग्छ । त्यहाँ के नेपाली निर्माण व्यवसायीले काम गरिरहेका छन् ? त्यहाँ त चिनियाँ निर्माण व्यवसायीले काम गरिरहेका छन् । त्यस्तै, नारायणगढ-बुटवल, जनकपुर, इलाम, रसुवा, रामेछापको सडक भन्नुहोस् । अधिकांश विदेशीले काम गरेको संरचना समयमा सम्पन्न भएको छैन । त्यसमा लागत पनि बढी बढेको छ । त्यसले हाम्रो जनजीवनमा पनि असर परिरहेको छ । यहाँ समस्या कहाँ छ भन्ने कुरा राज्यले मनन गर्नुपर्‍यो ।

**यदि सरकारले विश्वास गरेर तपाईंहरुलाई ‘मेगा प्रोजेक्ट’हरु दियो भने ती समयमै सम्पन्न गर्न सक्नुहुन्छ ?**

एकदम सक्छौं । विदेशीले भन्दा पनि हामी गुणस्तरीय र उहाँहरुले लिने भन्दा पनि कम समयमा सम्पन्न गर्न सक्छौं । तर, त्यसमा स्थानीय अवरोध हुनु भएन । भुक्तानी सहज हुनुपर्‍यो । यसको मतलव सबै कम्पनी सक्षम छन्, उनीहरुले समयमै काम गर्न सक्छ र खाली दोष सरकार तथा स्थानीयको मात्रै हो भनेर म भनिरहेको छैन । केही निर्माण व्यवसायीका कारणले पनि समयमै काम सम्पन्न नभएको होला । तर, ९० प्रतिशत सरकारी निकायहरु र स्थानीयको स्वार्थको कारणले काम समयमै सम्पन्न हुँदैन ।

**अहिले विकास निर्माणमा वन बाधक भयो भन्ने सुनिन्छ । के साँच्चै वनकै कारण समयमा काम हुन सकिरहेको छैन ?**

कुनै कुराको निर्णय ९ महिना लगाएर आउँछ भने वन बाधक नै हो । जे निर्णय गरे पनि ९ महिना लाग्ने निर्णयलाई १५ दिनमा गरिदिउँ न । त्यसका लागि हामीले ९ महिना कुर्नुपर्ने, २० वटा टेबुल धाउनुपर्ने होइन । त्यसको लागि एकद्वार नीति बनाउनुपर्‍यो । वन तथा वातावरण मन्त्रालयले यो-यो मापदण्ड पूरा गरेपछि हामी इजाजत दिन्छौं भनेर स्पष्ट मापदण्ड बनाएपछि त्यो पूरा गरेर निर्माण व्यवसायी आउँछन् । तर, त्यहाँ पुगेपछि विभिन्न बहानामा रोक्ने काम हुन्छ । त्यसले गर्दा पनि आयोजना लम्बिने हुन्छ । ती सबै प्रक्रियाहरु छोट्याउनुपर्छ र गैरजिम्मेवार सरकार र अधिकारीहरुलाई दण्डित गर्नुपर्छ ।

**हाम्रो विकासको चरण सुरुङ युगमा प्रवेश गर्‍यो भनेर भनिरहेका छौं । केही सुरुङ बन्न पनि थालेका छन् । दर्जनौं आयोजना प्राथमिकतामा पनि छन् । यस्तोमा नेपाली निर्माण व्यवसायीको क्षमता कस्तो छ ?**

अहिले नौंबिसेदेखि काठमाडौंसम्म बनिरहेको सडक अयोजनाको ‘सब कन्ट्र्याक्टर’ नेपाली कम्पनी हो । हामीले जलविद्युत आयोजनामा अधिकांश सुरुङ बनाएका छौं । त्यसमा नेपाली निर्माण कम्पनीले राम्रो अनुभव प्राप्त पनि गरेका छन् । त्यस्ता अयोजनामा नेपाली कम्पनीहरुले ‘ज्वाइन्ट भेन्चर’का रुपमा काम गर्ने अवसर पायो भने हाम्रो पनि क्षमता अभिवृद्धि हुन्छ । हामी अहिले नै निपूर्ण भएका त छैनौं, तर भविष्यमा गर्न सक्छौं ।

## नेपाल व्यवसायी संघ कतारको अध्यक्षमा पुनः चम्लागाईं

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १३ माघ

नेपाल व्यवसायी संघ कतार एलएलसी (जी)को दोस्रो साधारण सभा भव्य रुपमा सम्पन्न भएको छ। दि वेस्टिन होटेलको सभा हलमा शुक्रबार संघ कतारका अध्यक्ष महेन्द्र चम्लागाईंको अध्यक्षता तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको प्रमुख आतिथ्यतामा साधारण सभा सम्पन्न भएको हो ।



दुई चरणमा सम्पन्न साधारण सभाको बन्द सत्रबाट पुनः एक कार्यकालका लागि महेन्द्र चम्लागाईंको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ । कार्यसमितिको उपाध्यक्षहरुमा नरेन्द्रबहादुर भाट, राजेन्द्रकुमार शर्मा (आर.के.), राजु रेग्मी (राज), प्रकाश कोइराला र रमेश भट्ट र सचिवहरुमा सुनिल कुमार घिमिरे, राजेन्द्र देवकोटा र पूर्ण बहादुर पोखरिया सर्वसम्मत निर्वाचित भएका छन् । यस्तै, कोषाध्यक्षमा चुडामणी कार्की र सहकोषाध्यक्ष रामकुमार श्रेष्ठ पनि सर्वसम्मत निर्वाचित भएका हुन् ।

कार्यसमिति सदस्यहरुमा क्रान्ति सिंह, रामु रेग्मी, रामचन्द्र पन्थ, कमलप्रसाद न्यौपाने, टंकबहादुर खड्का (अर्पण), श्रीकृष्ण भट्टराई, राकेश श्रेष्ठ, मञ्जु खनाल, नारायणप्रसाद शर्मा र वसिम अक्रम गरी १० जना निर्वाचित भएका छन् । त्यस्तै, तीन जना सहदस्यहरु अध्यक्षको सिफारिसमा कार्यसमितिको पहिलो बैठकले मनोनीत गर्ने व्यवस्था रहेको छ । उक्त कार्यसमिति सदस्यहरुमध्येबाट आफ्नो सिफारिसमा एक जना प्रवक्ता मनोनयन गरिने अध्यक्ष चम्लागाईंले मध्यान्ह दैनिकलाई जानकारी दिए । नव निर्वाचित कार्यसमितिलाई निर्वाचन समिति संयोजक बद्रीप्रसाद पाण्डेले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

साधारण सभाको खुला सत्रलाई सम्बोधन गर्दै प्रमुख अतिथि ढकालले घरबाट काठमाडौं आउँदा बस भाडा र कोठा भाडा कसरी तिर्ने भन्ने दोसाँधबाट आफूले जीवन शुरु गरेको स्मरण गर्दै जुन काम गर्दा पनि इमानदारिता पहिलो शर्त बनाएर आफूले काम गर्ने गरेको बताए । व्यवसायी संघको कार्यसम्पादनको प्रशंसा गर्दै ढकालले व्यवसायी संघ कतारले नेपाल उद्योग वाणिज्य महासंघको सदस्यता ग्रहण गर्न सक्ने व्यवस्था विधानले गरेको हुँदा सदस्यता लिन आग्रह गरेका थिए । प्रवासमा रहेका नेपालीहरु देशको अर्थतन्त्रको विषयलाई लिएर चिन्तित हुने गरेको आफूले पाएको बताए ।

कतारका लागि नेपाली कार्यवाहक राजदूत कुमार राई, नेपाल व्यवसायी संघ कतारका संरक्षक संयोजक डा. देवकाजी डंगोल, संरक्षक बद्री प्रसाद पाण्डे, माछापुच्छ्रे बैंकका नायब प्रमुख कार्यकारी अधिकृत विश्वम्भर न्यौपाने, आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेल, संघ कतारका सल्लाहकार लगायत विभिन्न ओहोदाका व्यक्तित्वहरुले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

वक्ताहरुको नेपालमा उत्पादित वस्तुलाई कतारको बजारमा विस्तार नगरेसम्म व्यावसायिक सफलता नमिल्ने धारणा थियो । व्यवसायीहरुले नयाँ-नयाँ व्यावसायिक प्लेटफर्म खोज्न आवश्यक रहेको भन्दै ४० लाखभन्दा बढी नेपाली नेपाल बाहिर रहेको बताउँदै स्थिर क्षेत्रमा लगानी गर्न सुझाव दिएका छन् । विदेशी नागरिकले पनि नेपाल सुन्दर देश रहेको बताउने गरेको स्मरण गर्दै आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत पौडेलले पर्यटकीय क्षेत्रमा लगानी गर्न सके धेरै क्षेत्र समेटिने बताए । सन् २००१ बाट नै रेमिट्यान्स कारोबार थालेको स्मरण गर्दै पौडेलले देशको हितका लागि लगानी गर्न आग्रह गरे । रेमिट्यान्स सेक्टरमा आएको परिवर्तनलाई स्वीकार्दै श्रमिकको पक्षमा टेक्नोलोजीको प्रयोगका लागि हरेक किसिमको सहयोग गर्ने उनको भनाइ थियो ।

यसैबीच संघले संस्था स्थापनाकालदेखि हालसम्म अनवरतरुपमा उत्कृष्ट भूमिका निर्वाह गरेको भन्दै महासचिव रमेश भट्ट, सचिव सुनिल घिमिरे, प्रचार-प्रसार विभाग उपप्रमुख एवम् मिडिया संयोजक दिपजंग शाह ठकुरी र प्राविधिकतर्फ नवराज श्रेष्ठलाई मायाको चिनो र सम्मान पत्रसहित सम्मान गरिएको थियो । संघका उपाध्यक्ष नरेन्द्रबहादुर भाटले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई संघका महासचिव रमेश भट्टले सहजीकरण गरेका थिए । खुला सत्रको समापन अध्यक्ष चम्लागाईंले गरेका थिए भने अर्जुन कुँवर, रश्मि सेन्चुरी, एन्जल राई, ललिता लामा, जीवन राई लगायतका कलाकारहरुले सांस्कृतिक प्रस्तुति दिएका थिए ।

## सामसङको ग्यालेक्सी एस २४ सिरिज सार्वजनिक

**काठमाडौं/मस** – सामसङले ‘एआई’ विशेषता भएको ग्यालेक्सी एस २४ सिरिज सार्वजनिक गरेको छ। शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा सामसङ नेपालका निर्देशक प्रणय रत्न स्थापित र पूर्व मिस नेपाल वर्ल्ड श्रृंखला खतिवडाले नयाँ ग्यालेक्सी एस २४ सिरिजको अनावरण गरेका हुन् ।




ग्यालेक्सी एस-२४ अल्ट्रा, ग्यालेक्सी एस-२४ प्लस र ग्यालेक्सी एस-२४ बेसको उनीहरुले सार्वजनिक गरेका हुन् । कार्यक्रममा निर्देशक प्रणय रत्न स्थापितले भने, ‘ग्यालेक्सी एस २४ साँच्चै नै भविष्यको फोन हो । सामसङ ग्यालेक्सी एआईको साथ हामी अल्ट्रा-पर्सनालाइज्ड युजर-एक्सपिरिएन्स प्रदान गरेर टेक्नोलोजी ल्यान्डस्केपलाई नयाँ आकार दिनेछौं । हाम्रो पहिलो एआई सञ्चालित फोनले ग्यालेक्सी विशेष पर्फर्मेन्स र एक्सपिरिएन्सलाई जोड्छ । आज हामी एउटा नयाँ अध्याय खोल्दैछौं, जहाँ मानवीय क्षमतालाई मुक्त गर्न कुनै बाधाबिना छैन ।’

ग्यालेक्सी एस २४ सिरिजले नेटिभ कल एपभित्र वास्तविक समय, दुई-तर्फी कल अनुवादहरुमै प्रत्यक्ष अनुवाद सुविधा प्रदान गर्ने कम्पनीले जनाएको छ । ग्यालेक्सी एस २४ सिरिज दैनिक जीवनमा कसरी सहज रुपमा प्रयोग गर्न सकिन्छ भन्ने कुरा कार्यक्रममा बताइएको थियो । ग्यालेक्सी एस २४ अल्ट्राको नयाँ प्रोभिजुअल इन्जिनद्वारा सञ्चालित एआई उपकरणहरुको फराकिलो सुइटको साथ प्रयोगकर्ताहरुको सिर्जनात्मक स्वतन्त्रतालाई अधिकतम बनाउने कम्पनीको दाबी छ ।

**Provincial Government**
**Sudur Paschim Province**
**Ministry of Industry, Tourism, Forestry and Environment**
**Provincial Tourism Development Program Implementation Unit (PDTPIU)**
**Dhanghadi, Kailali**

**Invitation for Online Bids**

**Date of first publication: 2080/10/14 (28th January 2024)**

The Provincial Tourism Development Program Implementation Unit(PDTPIU).Invites online bids under e-procurnment system from eligible bidders for the procurement for following works. The bidders can PPMO website www.bolpatra.gov.np.egp for the brief description with public entity name: Provincial Tourism Development Program Implementation Unit (PDTPIU).

| S. N. | Contract ID | Name of Work | Estimated amount (without VAT) NRS | Bids security (NRS) | Bid Doc Fee (NRS) | Final bid submsion Date &Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | PTDPIU/work/ NCB/ 01-2080/081 | The construction of Foot path with railing at Badimalika Tample, Bajura | 50,93,431.83 | 1,50,000.00 AC.No. | 3000.00 Rajaswa 14229 | 27-02-2024 | Office code. |

**Unit Chief**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**